## परिच्छेद एक

# परिचय

### १.१ पृष्ठभूमि

शिक्षा मानव जीवनको अभिन्न अंग हो भने राष्ट्र विकास र उन्नतिको मुहान हो । शिक्षाले राष्ट्रको लागि आवश्यक पर्ने जनशक्ति उत्पादनमा आफ्नो भूमिका निर्वाह गर्दछ भने सामाजिक चाहना र मागको आधारमा समाजलाई वदल्ने काम पनि गर्दछ । आजको सभ्य र विकसित समाज एवं विज्ञान र प्रविधिको क्षेत्रमा भएको प्रगति केवल शिक्षाको देन हो । यसै सन्दर्भमा टी.पि. नन भन्नु हुन्छ 'शिक्षा व्यक्तिको पूर्ण विकास हो जसबाट उसले समाजमा मौलिक योगदान दिन सकोस' (वाग्ले र ढकाल, २०५५, पृ. १९) । त्यसकारण मानव इतिहासको प्रारम्भ देखि नै शिक्षालाई अनिवार्य आवश्यक्ताको रुपमा लिइएको पाइन्छ । मानविय आवश्यक्ता, सामाजिक माग, चाहना र परिवर्तित समय अनुकूल शिक्षाले आफ्नो स्वरुपलाई पनि संग संगै बदल्दै आएको छ ।

प्राचिनकालमा शिक्षालाई आ-आफ्नो उद्देश्य अनुरुप सञ्चालन, प्रयोग र व्याख्या गरेको पाइन्छ । मेसोपोटामियामा शासकहरुले आफूलाई दैवि शक्तिको रुपमा व्याख्या गरी आफ्नो शासन चलाउने अनुकूल माध्यमको रुपमा शिक्षालाई प्रयोग गरे (शर्मा, २०५४) । प्लेटोले आदर्श राज्यको परिकल्पना गरी शिक्षाको व्याख्या गरे भने, एरिष्टोटलले आगमन र निगमन विधिको वकालत गरे (वाग्ले र कार्की, २०५३) । यसैगरी विभिन्न दार्शनिकहरु कन्फेसियस (confucious), मिसियस (Micious), चाव (Chow), र सिसेरो (Cicero) ले आफ्नो योगदान दिई प्राचिन शिक्षालाई विकसित बनाए (भट्टराई, २०५८) ।

मध्यकालमा शिक्षालाई विभिन्न आधारमा लागू गरियो । यस युगमा राजत्रन्त्र र व्यापारवादको विकास भएकाले औपनिवेशिक प्रणाली अनुसार शिक्षा मातृदेशको आधारमा लागू भयो । आधुनिक कालमा अगस्त कम्ते (Auguste Comte), फ्रेडरिक टायलर (Fredrick Tyler), माओ (Mao), रुसो (Rousseau), फ्रोवेल (Froebel) र

जाँन डिवे (John Dewey) आदि जस्ता दार्शनिकको प्रयासले शिक्षालाई छुट्टै विधाका रुपमा विकास गर्न सहयोग पुऱ्याए ।

वि.सं. १९१० मा श्री ३ जंग बहादुर राणाले दुईजना अंग्रेजी भाषा शिक्षकहरुको सक्रियतामा थापाथली दरवारमा अंग्रेजी स्कूलको स्थापना गरेका थिए । त्यहीबाट नै आधुनिक शिक्षाको प्रारम्भ भै यसको नीति, प्रक्रिया तथा संरचनामा व्यापक परिवर्तन हुदै आजको स्थिति सम्म आइपुगेको छ ।

शिक्षाको नीति, संरचना र प्रक्रियाका बारेमा कुरा गर्दा नेपालको विद्यमान उच्च शिक्षा प्रणालीमा पटक पटक परिवर्तनहरु भएको पाइन्छ । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना पश्चात नेपालको संविधान २०४७ द्वारा सुरक्षित मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य मान्यताका साथै सामाजिक न्याय, शिक्षाको समान अवसरको धारणा, राष्ट्रिय आकाङ्क्षा तथा अन्तरराष्ट्रिय सन्दर्भलाई समेत मनन गरी विगतका कमजोरिहरुको निराकरण गर्नुका साथै नेपाल सरकालाई सुझाव प्रस्तुत गर्न वि.सं. २०४७ साल फाल्गुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन भएको थियो । यस आयोगले शिक्षाका विविध पक्षहरुको वारेमा व्यापक अध्ययन गरी वर्तमान स्थितिको विश्लेषण र समस्याहरु केलाएर वि.सं. २०४९ असार १४ गते तत्कालिन प्रधानमन्त्रि समक्ष आफ्नो प्रतिवेदन पेश गरेको थियो । आयोगको प्रतिवेदन अनुसार नेपालको वर्तमान माध्यमिक शिक्षाको संरचना १० वर्षको अतिरिक्त थप दुई जोड (१० + २) गरी १२ वर्षको माध्यमकि शिक्षा हुनपर्ने सिफारिस प्रस्तुत गऱ्यो र सोही सिफारिसका आधारमा १० वर्षको माध्यमिक शिक्षाको संरचनामा थप २ वर्ष गरी १२ वर्षको बनाई विद्यालयको संरचना भित्र उच्च माध्यमिक कक्षा सञ्चालन गर्ने नीति निर्माण गरियो । विद्यार्थीहरुलाई माध्यमिक विद्यालयकै शैक्षिक वातावरण भित्र शिक्षकको निगरानीमा अध्यापन गराउन उपयुक्त ठानी वि.सं. २०४६ सालमा उच्च माध्यमिक शिक्षा ऐनको अवधारणा आए पनि कार्यान्वयन भने वि.सं. २०४९ साल देखि मात्र गरिएको थियो ।

देशको वढ्दो शैक्षिक माग र दक्षिण एशियाका मुलुकहरुमा प्रमाणपत्र तहलाई विद्यालय शैक्षिक संरचना भित्र समावेश गरिएको अवस्थामा नेपालको शैक्षिक संरचनामा पनि अन्तरराष्ट्रिय अनुकूल वनाउन दश वर्षे विद्यालय शिक्षामा २ वर्ष थप गरी उ.मा.शि. संचालन गर्न तत्कालिन श्री ५ को सरकाले उ.मा.शि. ऐन २०४६ लागू गरी उ.मा.शि. परिषदको गठन गरेको थियो । वि.सं. २०४९ सालमा ३५ वटा विद्यालयलाई सम्बन्धन प्रदान गरी सञ्चालन गरिएको उ.मा.शि. २०६७ सम्ममा ३१०० वटा उ.मा.वि. हरुले सम्बन्धन लिई पठनपाठन शुरु गरिसकेका छन् । शुरुमा १३३८ विद्यार्थीको व्यवस्थापनबाट थालनी भै २०६७ सम्म कक्षा ११ र १२ मा साढे नौ लाख परीक्षार्थीहरुको परीक्षा संचालनका साथै अन्य सम्बन्धित सबै कामको व्यवस्थापन गर्न उ.मा.शि.प.  सक्षम भएको छ (शिक्षा विभाग, २०६७) । उच्च माध्यामिक विद्यालयका कक्षा ११ र १२ मा समयानुकूल परिष्कृत र परिमार्जित १३५ विभिन्न पाट्यक्रमहरु अध्यापन हुने अवस्थामा छन् साथै समयानुकूल नयाँ विषयहरुको पाठ्यक्रम पनि निर्माण हुने क्रम जारी छ । विश्व विद्यालयबाट प्रविणता प्रमाणपत्र तह यस तहमा स्थानान्तरण भैसकेको अवस्थामा संस्कृत, Fine Art पाठ्यक्रमहरु उ.मा.वि.तहको संरचनामा मिलान गर्ने क्रममा परिमार्जित भै शिक्षा मन्त्रालयबाट स्विकृति प्राप्त भैसकेको र Human Value Education, General Law, Agricultrue र Music विषयको पाठ्यक्रमको निर्माण कार्य सम्पन्न हुने अवस्थामा छन् भने व्यावसायिक विषयतर्फ Applied beauty र Floriculture को पाठ्यक्रम मस्यौदा तयार भैसकेको अवस्थामा छन् (सम्प्रेषण अंक २३, २०६७) । यसरी उ.मा.शि. कार्यक्रमले समय अनुरुप गति लिइरहेको पाइन्छ । हालै शैक्षिक सत्र २०६९ सम्म उ.मा.शि.प. बाट सम्बन्धन लिने उ.मा.वि. को संख्या ३,५५२ (तीन हजार पाँच सय वाउन्न) पुगेको छ ।

यसरी उ.मा.शि. ले मा.वि. तहको शिक्षा र उच्च शिक्षाको बीचको पुलको काम गरिरहेको छ । अवश्य नै शैक्षिक उन्नतिलाई अरु उचाइमा पुर्‍याउन यस शिक्षाले थप टेवा पुर्‍याउँदछ । गुणस्तरिय शिक्षा आजको आवश्यक्ता हो । त्यसैले व्यवहारिक शिक्षाप्रति सरोकावाला सबैको ध्यान आकृष्ट हुन जरुरी देखिन्छ । यसर्थ उ.मा.शि. लाई

सर्वसाधारणको पहुचभित्र पार्न, सर्वसुलभ एवं गुणस्तरिय र समय सान्दर्भिक वनाउन सरकार, शिक्षाविद, योजनाकार तथा आम जनसमुदायहरुले होस्टेमा हैंसे गरी सहयोग गर्न जरुरी देखिन्छ ।

यी विभिन्न प्रयासका बावजुद पनि उ.मा.वि. हरु विभिन्न समस्याहरुबाट अलग रहन सकेका छैनन् । त्यसैले ती समस्याहरुको पहचिान गरी सत्य तथ्यको खोजी गर्नु आजको आवश्यक्ता हो । अध्ययनको क्रममा यस कुरालाई जोड दिइएको थियो । प्रतिस्पर्धी तथा सीपयुक्त जनशक्तिको उत्पादन गरी राष्ट्रिय विकासको आवश्यक्ता पूरा गर्ने तथा उच्च शिक्षाका लागि भरपर्दो आधारशिला तयार गर्ने लक्ष्यमा देशका सबै उ.मा.वि. हरु सक्षम देखिएका छैनन् (शिक्षा मन्त्रालय, २०६६) । त्यसैले सक्षम नहुनाका कारणहरु वा उ.मा.वि. का समस्याहरु पहचिान गरी समाधानका उपायहरु कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

## १.२ समस्याको कथन

विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह विस्थापित (Phase out) भै उ.मा.शि.प. अन्तरगत एस.एल.सी. पछिका ११ र १२ कक्षा स्थानिय तहका मा.वि. हरुमा संचालन हुदै आएका छन् । स्थानिय स्तरमा सञ्चालन हुदै आएका उ.मा.वि. कक्षा सञ्चालन गर्ने सामुदायिक माध्यमिक विद्यालयहरुको भौतिक अवस्थाको सुधार गरी यिनीहरुबाट प्रदान हुने शिक्षालाई गुणस्तरिय वनाउदै विद्यार्थी भर्नादर वृद्धि गर्दै लैजानु बाञ्छनिय भएकोले दोस्रो उच्च शिक्षा योजना अन्तरगत उ.मा.शि. विकास कार्यक्रम लागू गरिएको हो । यसका अतिरिक्त दशौं पञ्चवर्षिय योजनाले शिक्षालाई सर्वसुलभ र पहुचयोग्य वनाई पिछडिएको एवं लक्षित वर्गका लागि विशेष कार्यक्रम तयार गर्ने लक्ष्य लिइएकोले सोही अनुरुप कक्षा १ देखि १२ सम्मको शैक्षिक कार्यक्रमलाई विद्यालय तहको शिक्षा मानी स्थानिय स्तरमै उपलब्ध गराइने चुनौतिपूर्ण कार्यमा मद्दत पुऱ्याउन नेपाल सरकार र विश्व वैंकको संयुक्त सहयोगमा सात वर्षे (सन २००७ - २०१४) यो परियोजना ल्याइएको हो (शिक्षा विभाग, २०६४) ।

यसरी उ.मा.शि. लाई सबैको पहुच योग्य, गुणस्तरिय र व्यवहार उपयोगि वनाउन विभिन्न क्षेत्रहरुबाट प्रयासहरु भए पनि पर्याप्त सफलता प्राप्त गर्न सकिएको

छैन् (भट्टराई, २०५८) । उच्च मा.वि. हरुमा दिन प्रतिदिन विद्यार्थीहरुको चाप वढ्दै गैरहेको छ । वढ्दो चाप संगै विद्यालयमा भौतिक व्यवस्थापनका समस्याहरु पनि बढिरहेका छन् । जस्तै उपयुक्त कक्षा कोठाको अभाव, फर्निचरको अभाव, पर्याप्त सौचालय, खानेपानी आदिको अभाव, सुविधा सम्पन्न पुस्तकालयको अभाव, अतिरिक्त क्रियाकलापका निम्ति खेल मैदानको अभाव, प्रभावकारी शिक्षण सिकाइका लागि योग्यता पुगेका तालिम प्राप्त शिक्षकको कमि, उ.मा.वि. र समुदायबीच प्रभावकारी र समन्वयकारी भूमिका निभाउन सक्ने योग्य प्रशासकको कमि, शैक्षिक सामग्रीको कमि, विज्ञान विषयको लागि उपयुक्त प्रयोगशालाको कमि जस्ता थुप्रै समस्याहरु छन् । त्यसैले उ.मा.वि. का समस्याहरुको पहिचान गर्न र उक्त समस्याहरुलाई समाधान गर्ने उपायहरुको खोजी गर्न यस विषयलाई समस्याको रुपमा छनौट गरिएको थियो र उ.मा.वि. हरुका समस्या र समाधान सम्बन्धि अध्ययनलाई निम्न अनुसन्धानात्मक प्रश्नहरुद्वारा निर्देशित गरिएको थियो ।

- उ.मा.वि. हरुको भौतिक स्थिति कस्तो छ ?
- उ.मा.वि. हरुको आर्थिक स्थिति कस्तो छ ?
- उ.मा.वि. हरुको शैक्षिक स्थिति कस्तो छ ?
- विद्यार्थी भर्नामा प्रगति कस्तो छ ?
- नतिजामा प्रगति कस्तो छ ?
- उ.मा.वि. का समस्याहरु के के छन् ?
- उ.मा.वि. का समस्याहरु समाधानका उपायहरु के के हुन सक्छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु यस प्रकारका रहेका छन् :

क. उच्च माध्यमिक विद्यालयहरुको स्थिति पहिचान गर्नु ।

ख. उच्च माध्यमकि शिक्षा कार्यक्रमको प्रभावकारीता लेखाजोखा गर्नु ।

ग. उच्च माध्यमिक विद्यालयहरुका समस्याहरुको विश्लेषण गरी समाधानका उपायहरु पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य

उ.मा.वि. (१०+२) उच्च शिक्षाको प्रवेशद्वार हो । सत्र /अठार वर्षका किशोर किशोरीहरुको शिक्षालाई विद्यालयकै संरचना भित्र राख्ने अन्तरराष्ट्रिय प्रचलनलाई समेत अनुसरण गरी विद्यालयीय शिक्षालाई १०+२ का रुपमा स्विकार गरिएको हो । यस किसिमबाट दिइएको शिक्षाले मध्यमस्तरिय जनशक्ति तयार गर्ने र उच्च शिक्षाका लागि सक्षम विद्यार्थी उत्पादन गर्ने कार्यमा विशेष अर्थ राख्दछ ।

एक्काइसौं सताब्दीको समाजमा व्यक्तिलाई समायोजन गराई राष्ट्रिय प्रचलनलाई समेत अनुसरण गरी विद्यालयीय शिक्षालाई १०+२ का रुपमा स्विकार गरिएको हो । यस किसिमबाट दिएको शिक्षाले मध्यमस्तरिय जनशक्ति तयार गर्ने र उच्च शिक्षाका लागि सक्षम विद्यार्थी उत्पादन गर्ने कार्यमा विशेष अर्थ राख्दछ ।

एक्काइसौं सताब्दीको समाजमा व्यक्तिलाई समायोजन गराई राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रमा समेत आफ्नो पहिचान कायम गर्न सक्ने क्षमतावान नागरिक उत्पादनको कार्य केवल शिक्षा वाहेक अरुवाट सम्भव छैन । एकातिर आज परिवर्तित समयले विविध समस्याहरु थुपरिरहेको छ भने अर्कातिर दिन प्रतिदिन जटिल वन्दै गैरहेको समाजमा समायोजन भई सामन्जस्यपूर्ण जीवनयापन गर्नु पर्ने वाध्यता रहेको छ । यी समस्याहरु समाधानका लागि के कस्ता उपायहरु, कदमहरु, अवलम्बन गरी समयसापेक्ष रुपमा अगाडी वढ्न सकिन्छ, ती पक्षहरुको खोजि गर्नु ज्यादै जरुरी देखिन्छ । विज्ञान र प्रविधिमा भएको तिव्र विकासले हिजोका हाम्रा मूल्य, मान्यता र अवधारणाहरु दिनप्रतिदिन अधुरा र पुराना हुँदै गैरहेका छन् । यसकारण परिवर्तित समयको रुपसंगै हामिले आफ्नो विचार, चिन्तन, अवधारणा र कार्यप्रणालीमा नै परिवर्तन ल्याउन सकेनौ भने भोलिको पुस्ताले धिक्कार्ने छ र भविष्य पनि दुःखदायी हुने स्वतः सिद्ध छ । यसर्थ आजको शिक्षा सीप, ज्ञान र संस्कृतिको सोझो हस्तानतरण गर्ने मात्र नभएर अनुसन्धानमूलक, व्यावहारिक, प्रयोगात्मक एवं ज्ञान विज्ञानको क्षेत्रमा नौलो आयाम थप्ने किसिमको हुनुपर्दछ । यसका साथै व्यक्तिको अन्तरनिहित क्षमताको

उत्खनन्, राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धात्मक ढंगले उत्रन सक्ने नागरिकको उत्पादनमा शिक्षाले सहयोग गर्नु पर्दछ ।

यिनै समय सान्दर्भिक तथ्हरुलाई ध्यान दिएर वि.स.. २०४६ सालमा निर्माण गरिएको उ.मा.शि. ऐन र राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को सिफारिस अनुसार माध्यमकि विद्यालयहरुमा उ.मा.शि. कार्यक्रम संचालन भैरहेका छन् । यसरी सरकारले व्यवस्था गरेका ऐन, नियमावलि कुन हदसम्म कार्यान्वयन भएका छन् ? र सोही वमोजिम आम किशोर किशोरीहरुले आफ्नो जीवन सार्थक वनाउन सक्दछन वा सक्दैनन् भन्ने कुरा चुनौतिका रुपमा देखिएको छ । त्यसैले उच्च माध्यमिक विद्यालयहरुका समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउनु यस अध्ययनको प्रमुख औचित्य हो । साथै यस अध्ययनबाट प्राप्त जानकारीहरुले निश्चय नै उच्च माध्यामिक शिक्षा सम्बन्धि ऐन, कानून निर्माण र कार्यान्वयन गर्न तथा उच्च मा.वि. का समस्याहरु समाधान गर्नका लागि सम्बन्धित व्यक्ति र संस्थाहरुलाई सहयोग पुऱ्याउने छ र शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितिय वर्षको शोधपत्र विषयको आंशिक आवश्यक्ता पूरा गर्नुले पनि अध्ययनको औचित्यलाई स्पष्ट पार्दछ ।

## १.५ अध्ययनको सिमाङ्कन

उच्च माध्यमकि विद्यालयहरुका समस्या एक समुदाय र एक समाजको मात्र नभएर सम्पूर्ण देश भरिकै समस्या हो । शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रहरुमा उच्च माध्यमिक विद्यालयहरुले धेरै समस्याहरुको सामना गर्नु परेको देखिन्छ । भौगोलिक, सामाजिक, आर्थिक समस्या, समय सिमितता एवं कतिपय अन्य कारणहरुले गर्दा अध्ययनलाई निम्नानुसार सिमाङ्कन गरिएको थियो ।

क. शिक्षा शास्त्रका विषयहरु अध्यापन गर्ने उच्च माध्यमकि विद्यालयहरुमा मात्र यस अध्ययनलाई सिमित पारिएको थियो ।

ख. यो अध्ययन सल्यान जिल्लाका भल्चौर, ढाकाडाम, थारमारे, मर्मपरिकाँडा र शिवरथमा सञ्चालित सामुदायिक उ.मा.वि. मा सिमित थियो ।

ग. अध्ययनलाई उ.मा.वि. का समस्या र समाधानका उपायहरु वारेमा उत्तरदाताहरुको प्रतिक्रियामा सिमित गरिएको थियो ।

घ. अध्ययनलाई उ.मा.वि. का समस्याहरु अन्तरगत आर्थिक समस्याहरु (भवन, फर्निचर, शौचालय, पुस्तकालय, खेलकुद मैदान को अवस्था), शैक्षिक समस्या अन्तरगत (तालिम प्राप्त शिक्षक, शिक्षकको शैक्षिक योग्यता), प्रशासनिक समस्या (प्राचार्यको भूमिका, शिक्षक विद्यार्थी र अभिभावक वीचको सम्बन्ध) र आर्थिक व्यवस्थापन अन्तरगत (विद्यालयको आम्दानीको श्रोत, घाटा वा नाफा( वारेमा अध्ययन गरिएको थियो ।

ङ. प्रभावकारिता अध्ययनको लागि कक्षा ११ को २०६५-२०६७ सम्मको विद्यार्थीहरुको भर्ना प्रतिशत र उतीर्ण प्रतिशतलाई मात्र समेटिएको थियो ।

## १.६ शब्दावलीको परिभाषा

**उच्च माध्यमिक विद्यालय :** उच्च माध्यमकि विद्यालय भन्नाले माध्यमिक विद्यालयमा थप गरिएको २ वर्षे शिक्षा (१०+२) दिने विद्यालयलाई जनाउदछ ।

**उच्च माध्यमिक शिक्षा :** उच्च माध्यमिक विद्यालयसम्म प्रदान गरिने शिक्षालाई बुझ्नुपर्दछ ।

**उच्च माध्यमिक शिक्षा परिषद :** उच्च माध्यमिक शिक्षा सम्बन्धि नीति, नियम, नियन्त्रण र अनुगमन गर्ने संस्था ।

**प्राचार्य :** उच्च माध्यमकि विद्यालयको प्रमुख वा प्रधानाध्यापक ।

**छात्रवृत्ति :** उ.मा.वि. मा अध्ययनरत विपन्न वा निम्न वर्गका विद्यार्थीहरुलाई प्रदान गरिने विशेष सुविधालाई बुझ्नुपर्दछ ।

**अनुदान :** नेपाल सरकारले उ.मा.वि. लाई प्रदान गर्ने आर्थिक सहायता वा सहयोगलाई बुझ्नुपर्दछ ।

**ऐन :** उच्च माध्यमिक शिक्षा ऐन, २०४६ लाई सम्झनुपर्दछ ।

**शैक्षिक सत्र** : उ.मा.वि. मा अध्ययन, अध्यापन गराइने वार्षिक अवधिसम्झनु पर्दछ ।

**निरिक्षक** : उ.मा.वि. निरिक्षण गर्ने अधिकार प्राप्त व्यक्ति वा अधिकार प्राप्त व्यक्तिले तोकिदिएको कर्मचारी सम्झनुपर्दछ ।

**सामुदायिक उ.मा.वि.** : नेपाल सरकारबाट सालवसाली अनुदान पाउने गरी सम्बन्धन प्राप्त विद्यालय ।

**शिक्षक** : उ.मा.वि. मा पठन पाठन गर्ने व्यक्ति ।

**उ.मा.वि. व्य.स.** : उ.मा.वि. को व्यवस्थापन, नियन्त्रण र विशेष काम कार्यवाही गर्नको लागि वनाइएको स्थानिय व्यक्तिहरुको समितिलाई बुझ्नु पर्दछ ।

## परिच्छेद दुई

# सम्बन्धित साहित्यको समिक्षा

अध्ययनको सफलता प्राप्त गर्न सान्दर्भिक पूर्व साहित्यको समिक्षा गर्नु अनुसन्धानको एउटा महत्वपूर्ण पक्ष हो । सन्दर्भ सामग्रीको समिक्षा गर्नाले अनुसन्धानकर्तालाई आफ्नो अध्ययन विषयलाई वढि सार्थक, यथार्थ र खोजी योग्य वनाउन आवश्यक सहयोग प्रदान गर्दछ । यति मात्र नभएर पूर्व साहित्यको समिक्षाले अध्ययनकर्तालाई कसरि आफ्नो अध्ययन अगाडि वढाउने भनी सुनिश्चितता गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसै क्रममा अध्ययन विषयलाई पूरा गर्नका लागि उ.मा.शि. संग सम्बन्धित ऐन कानूनहरु, विभिन्न शोधपत्रहरु, पुस्तकहरु, शिक्षा आयोगका प्रतिवेदनहरु, सरकारी गैर सरकारी संस्थाद्वारा प्रकाशित वुलेटिन, स्मारिका तथा पत्र-पत्रिकाहरु आदिको पुनरावलोकन गरिएको थियो । जसबाट प्राप्त गरिएका सूचना एवं तथ्याङ्कहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ नेपालको उ.मा.शि. कार्यक्रम विकासका लागि भएका प्रयासहरु

शाही उच्च शिक्षा आयोग (२०४०) ले पेश गरेको प्रतिवेदनमा आयोगका सदस्य डा. वल्लभ मणि दाहालले दिनु भएको राय अनुसार इन्टरमिडियट तहको व्यवस्था उच्च शिक्षाबाट हटाउनुपर्ने उल्लेख छ । अर्कोतर्फ देशको वढ्दो शैक्षिक माग र दक्षिण एसियाका मुलुकहरुमा प्रविणता प्रमाण पत्र तहलाई विद्यालयको शैक्षिक संरचना भित्र समावेस गरिएको अवस्था थियो भने इन्टरमिडियट तहलाई सक्षम माध्यमिक विद्यालयअन्तरगत र छुट्टै क्याम्पस अन्तरगत पठन पाठन गरी सो तह र माध्यमिक तहलाई समेत गुणस्तरिय वनाउने कुरा उक्त प्रतिवेदनले जनाएको छ । त्यसै गरी यस कार्यबाट उच्च शिक्षामा विद्यार्थीचाप कम भै उच्च शिक्षाको प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि हुने कुरा उक्त प्रतिवेदनले देखाएको छ (शाही उच्च शिक्षा आयोग, २०४०) ।

प्रतिवेदन पेश भएको पाँच वर्षपछि वि.सं. २०४५ सालमा छिमेकी राष्ट्रहरुको शिक्षाको संरचनालाई ध्यान दिदै नेपालमा पनि उच्च माध्यमिक शिक्षाको आवश्यकता

महसुस गरी तत्कालिन राष्ट्रिय शिक्षा समितिले एउटा कार्यदलको गठन गऱ्यो । यसै क्रममा २०४५ चेत्र १६ र १७ गते झापामा प्रथम राष्ट्रिय गोष्ठिको आयोजना गरी उच्च माध्यमकि शिक्षालाई विद्यालय शिक्षाको संरचना भित्र समायोजन गर्न सिफारिस गरियो । उच्च माध्यमकि शिक्षा सम्बन्धि दोस्रो राष्ट्रिय गोष्ठि वि.सं. २०४६ जेष्ठ ३० र ३१ गते काठमाडौंमा आयोजना गरियो । यसको सिफारिस स्वरुप जनसहभागिता परिचालन गरी गुणस्तरयुक्त मध्यम स्तरिय जनशक्तिको उत्पादन गर्न प्रचलित दश वर्षे विद्यालय शिक्षामा दुई वर्षको एक शैक्षिक तह थप गर्न आवश्यक देखियो । उक्त तहको शिक्षाको स्वरुप, स्तर, सञ्चालन र नियन्त्रणको समेत व्यवस्था गर्न वि.सं. २०४६ कार्तिक ११ गते उच्च माध्यमकि शिक्षा ऐन २०४६ को व्यवस्था भयो । यसै क्रममा वि.सं. २०४६ फागुण १२ गते उ.मा.शि.प. सचिवालयको स्थापना भयो र १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद तत्कालिन माननीय शिक्षा तथा संस्कृति मन्त्रीको अध्यक्षतामा गठन भयो (शिक्षा तथा खेलकुद मन्त्रालय, २०५७) ।

वि.सं. २०४६ सालको जन आन्दोलनद्वारा निर्मित नेपाल अधिराज्यको संविधान २०४७ को भावना अनुरुप राष्ट्रिय शिक्षाको उद्देश्य स्पष्ट गरी नीति निर्धारण गर्न तत्कालिन श्री ५ को सरकारलाई सुझाव पेश गर्न वि.सं. २०४७ साल फागुण १४ गते तत्कालिन शिक्षा मन्त्रिको अध्यक्षतामा राष्ट्रिय शिक्षा आयोगको गठन भयो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले शिक्षाका विविध पक्षमा व्यापक अध्ययन गरी वि.सं. २०४९ असार १४ गते प्रतिवेदन प्रस्तुत गऱ्यो । उक्त प्रतिवेदनले माध्यमकि शिक्षाको संरचना १० वर्षको अतिरिक्त दुई वर्ष थप गरी १२ सम्मको माध्यमिक शिक्षा हुनुपर्ने सिफारिस गऱ्यो । यहि सिफारिसका आधारमा विद्यालय शिक्षाको संरचनामा परिवर्तन गरी कक्षा ११ र १२ को उच्च माध्यमिक तह थप गरियो । वि.सं. २०४९ सालमा नै ३५ वटा उच्च माध्यमिक विद्यालयहरुले ११ कक्षाको पढाई संचालन गरे । वि.सं २०६७ साउन सम्म ३१०० उच्च माध्यमिक विद्यालयहरु संचालनमा रहेका थिए (शिक्षा विभाग, २०६७) । हाल वि.सं. २०६९ साउन सम्म ३,५५२ वटा उ.मा.वि. ले सम्बन्धन पाइसकेका छन् ।

उच्च माध्यमिक शिक्षालाई प्रभावकारी र परिष्कृत गराउदै लैजाने सन्दर्भमा गठित उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ ले विश्वविद्यालय र सम्बन्धन प्राप्त क्याम्पसमा प्रविणता प्रमाणपत्र तह को सट्टा १० + २ को पाठ्यक्रम लागू गरी प्राज्ञिक विस्थापन प्रारम्भ गर्ने नीति लिइने, आगामी ५ वर्ष भित्र विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह पूर्णरुपले उच्च माध्यमिक विद्यालयमा विस्थापन गरिसक्ने र १० वर्ष सम्ममा यस तहको शैक्षिक र प्रशासनिक व्यवस्था सरकारको माध्यमिक शिक्षा व्यवस्थामा पूर्णरुपले एकिकरण गर्नुपर्ने सुझाव दिएको छ । उच्च माध्यमिक शिक्षा उच्च शिक्षा र माध्यमिक शिक्षाका बीचको पुलको रुपमा रहेको छ । सत्र /अठार वर्ष उमेरका किशोर किशोरीहरुको शिक्षालाई विद्यालयको संरचना भित्रै राख्ने अन्तरराष्ट्रिय प्रचलनलाई समेत अनुसरण गरी विद्यालय शिक्षालाई १०+२ का रुपमा स्विकार गरियो । उच्च शिक्षाको विशिष्टीकरण व्यवस्थालाई समेत ध्यानमा राखी उच्च माध्यमकि शिक्षा परिषदले वि.सं. २०५५ श्रावण देखि कक्षा ११ र २०५६ श्रावण देखि कक्षा १२ मा लागू हुने गरी एकल पथ प्रणाली अनुरुपको पाठ्यक्रम लागू गरेको छ । विद्यालयमा उपलब्ध श्रोत र साधनको आधारमा विद्यालयले नै इच्छाधिन विषयहरु छनौट गर्ने व्यवस्था मिलाएको छ । उच्च माध्यमकि शिक्षालाई व्यवस्थित गर्न तत्कालिन श्री ५ को सरकारले उच्च माध्यमिक शिक्षा नियमावली २०५२ मा सम्बन्धन लिनका लागि उच्च माध्यमिक विद्यालयले पूरा गर्नुपर्ने पूर्वाधारहरु निम्न प्रकारका तोकेको छः

१. विद्यालयको पक्कि भवन, आवश्यक फर्निचर र कक्षा कोठाहरुको उपयुक्त व्यवस्था भएको ।

२. पाठ्यक्रम अनुसारका कम्तिमा दश सेट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र पत्र-पत्रिका सहितको पुस्तकालय कक्षा भएको ।

३. प्रयोगात्मक कक्षा सञ्चालन गर्न आवश्यक हुने विषयका लागि चाहिने उपकरण तथा सुविधायुक्त प्रयोगशाला भएको ।

४. खेलमैदान र अतिरिक्त क्रियाकलापको सुविधा, खानेपानी, शौचालय आदिको पर्याप्त व्यवस्था भएको ।

५. कक्षा सञ्चालन गर्न विषयगत स्नातकोत्तर तह उत्तीर्ण शिक्षकहरु भएको ।

६. विद्यालयको नाममा कुनै बैंकमा तीन वर्षे मुद्दति खातामा चारलाख रुपैया जम्मा गरेको । सो रकम सम्बन्धन रहेसम्म नविकरण गर्दै राख्नु पर्ने छ, खर्च गर्न पाइने छैन ।

७. शिक्षकको तलव भत्ता भुक्तानी गर्न र विद्यालयलाई सुचारु रुपले संचालन गर्न विद्यालयको नाममा संचालन खर्च वापत रु चार लाख छ महिने मुद्दति खातामा जम्मा भएको ।

८. यथेष्ट आयश्रोत नभएका विद्यालयले सम्बन्धित गाउँ विकास समिति, नगरपालिका, र जिल्ला विकास समिति मध्ये सबै वा कुर्न एकको विद्यालयलाई निरन्तर आर्थिक सहयोग उपलब्ध गराइरहने प्रतिवद्धता जाहेर गरेको पत्र संलग्न गर्नुपर्ने ।

९. विद्यालयको वरिपरि अरु माध्यमिक विद्यालयहरु पर्याप्त भएको ।

१०. शिक्षकका लागि आवास तथा विद्यार्थीहरुका लागि छात्रावासको व्यवस्था गर्न सम्भव भएको ।

११. विषय संख्याको कम्तिमा ४० प्रतिशत पूर्णकालिन शिक्षकको व्यवस्था भएको ।

नवौं पञ्च वर्षिय योजना (२०५४-२०५९) ले योजना अवधिमा विश्वविद्यालयबाट क्रमिक रुपमा प्रविणता प्रमाणपत्र तहलाई स्थानान्तरण गर्ने, उ.मा. तहको पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार गर्ने, भौतिक पूर्वाधारमा सुधार गरी शिक्षक तालिमको व्यवस्था गर्ने, सहजै देखिने भर्ना दर ६० प्रतिशत पुऱ्याउने, महिला सहभागिता वढाउने जस्ता कार्यहरु संचालन गर्ने नीति लिएको पाइन्छ । यसैगरी उच्च माध्यमिक शिक्षा र माध्यमिक शिक्षा एउटै व्यवस्थापन अन्तरगत समायोजन गर्ने कार्यक्रम राखेको पाइन्छ ।

दशौं योजना (२०५९-२०६४) ले उच्च माध्यमिक तहलाई विद्यालयको अन्तिम विन्दुको रुपमा अंगिकार गरी सोही अनुरुपको संस्थागत व्यवस्था मिलाउने, प्रमाण पत्र तह क्रमशः विस्थापन गर्दै उच्च माध्यमकि शिक्षामा समाहित गर्न उचित व्यवस्था मिलाउने नीति लिएको देखिन्छ । उच्च माध्यमिक तहलाई विद्यालय शिक्षाको अन्तिम विन्दूका रुपमा मानी सोही अनुरुपको संस्थागत एवं व्यवस्थापकिय सुधार गर्ने र

तदनुरुप अलग्गै बोर्डको लागि ऐनको तर्जुमा गर्ने, उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको व्यवस्थापनसंग एकिकृत गर्न सम्बन्धित ऐन तथा नियमावलीहरुमा संशोधन गरी एकिकृत विद्यालय शिक्षा ऐनको तर्जुमा गर्ने, शिक्षा विभागलाई विद्यालय शिक्षा १-१२ को व्यवस्थापन गर्ने जिम्मेवारी दिइने जस्ता नीतिगत, कानूनी एवं संस्थागत सुधार गर्ने यस योजनाले लक्ष्य राखेको पाइन्छ ।

वि.सं. २०६७ देखि त्रिभुवन विश्वविद्यालय बाट प्रविणता प्रमाणपत्र तह विस्थापन भएपछि उ.मा.वि. तहमा विद्यार्थीको चाप बढ्न गएको छ । यसले शिक्षकहरुको व्यवस्थापन, भौतिक पूर्वाधारको विकास, पाठ्यक्रम र शिक्षण कौशलतामा आधुनिकिकरण, सामूहिक सहभागिताको सुनिश्चिततामा चुनौतीहरु अझ बढेको देखिन्छ । यसै क्रममा उ.मा.शि. परिषद, पाठ्यक्रम तथा प्रशिक्षण महाशाखाद्वारा २०६७ साउनदेखि कक्षा ११ र २०६८ साउनदेखि कक्षा १२ मा लागू हुने गरी तत्कालिन समयमा चालु रहेका ११ वटा विषयको पाठ्यक्रमलाई परिष्कृत र परिमार्जन गरी लागू गर्ने निर्णय गरिएको छ (शिक्षा विभाग, २०६७) ।

## २.२ उच्च माध्यामिक शिक्षाको लागि गरिएका व्यवस्थाहरु

शैक्षिक जगतमा विकास भएका नविन प्रविधिहरुलाई क्रमश: लागू गर्दै लिनुपर्ने अवस्था एकातिर छ भने अर्को तिर सामाजिक र राजनैतिक परिवर्तनलाई संस्थागत गर्न शैक्षिक उन्नयनमा थप आर्थिक, सामाजिक र प्राज्ञिक लगानीलाई वढोत्तरी गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थालाई हृदयंगम गरी उ.मा.शि.प. ले शिक्षालाई समतामुलक वनाउने, सहभागितात्मक वनाउने र विद्यार्थीको वाल मनोविज्ञान अनुरुपको शिक्षणकला प्रयोग गरी सामाजिक आवश्यक्ता पुर्तिका लागि विभिन्न शैक्षिक प्रयासहरु गर्दै आइरहेको छ । सिमित श्रोत र साधन, कानूनी र नीतिगत अन्यौलता, संस्थागत संरचनाको अभावका बावजुद उ.मा.शि.प. ले मुलुकमा उ.मा.शि. को विकास र विस्तारमा गरेको प्रयास र पुऱ्याएको योगदानलाई कसैले लुकाउन सक्दैन । विपन्न र ग्रामिण परिवेशका बालबालिकाहरु विशेष गरी छात्राहरुको उल्लेख्य पहुँच, ग्रामिण र शहरी शैक्षिक विभेदिकरणमा न्यूनता, उच्च शिक्षाका लागि आवश्यक शैक्षिक

पूर्वाधारको विकास, मुलुकको लागि आवश्यक दक्ष जनशक्तिको आपूर्ति लगायतका उपलब्धिहरु महत्वपूर्ण छन् । सिमित श्रोत र साधनका बावजुद उ.मा.शि.प. ले मुलुकको सामाजिक संरचना अनुरुप उ.मा.वि. हरु स्थापनाका लागि वातावरण निर्माण गर्ने, आधुनिक र वैज्ञानिक सीप विकासका लागि नयाँ विषयहरु पहिचान गरी पाठ्यक्रम निर्माण गर्ने, विद्यार्थीहरुको शैक्षिक स्तर सुधारका लागि परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने जस्ता कार्यहरु पनि गर्दै आएको छ। उ.मा.शि. प. ले शैक्षिक उपलब्धि न्यून रहेका विषय र शिक्षकहरुको शिक्षणकला अभिवृद्धि गर्न शिक्षक तालिम सञ्चालन गर्दै आएको छ। साथै प्राचार्यहरुको शैक्षिक नेतृत्व विकास तालिम कार्यक्रम सञ्चालन हुँदै आएको छ।

शैक्षिक व्यवस्थापनमा सूचना र तथ्याङ्कको महत्वलाई हृदयंगम गरी शैक्षिक निर्णय प्रक्रियामा सूचनाको प्रयोगलाई जोड दिना विद्यालय नक्साङ्कन र तथ्याङ्क सुद्धिकरण कार्यलाई प्राथमिकतामा राखिएको छ । उ.मा.शि. को पहुच वढाउन सिमान्तकृत, दलित, जनजाती, जेहेन्दार र पिछडिएका समूहका बालबालिकालाई विद्यार्थी छात्रवृत्ति बैंक अन्तरगत निःशुल्क पठनपाठनको व्यवस्था मिलाइएको छ । निजिक्षेत्रको सहभागितामा सामुदायिक उ.मा.वि. को शैक्षिक गुणस्तर विकास गर्ने उद्देश्यले निजी/सार्वजनिक साझेदारी कार्यक्रम अन्तरगत सामुदायिक उ.मा.वि. सहयोग कार्यक्रम सञ्चालन गरिदै आएको छ । वैज्ञानिक चिन्तन र व्यवहारको विकासबाट आधुनिक समाजको स्थापना सम्भव हुने भएकोले विज्ञान विषयमा ग्रामिण क्षेत्र र गरिवको पहुच वढाउन सामुदायिक उ.मा.वि.लाई विज्ञान विषयको पठनपाठनमा प्रोत्साहन गर्न, प्रयोगशाला स्थापना र प्रयोगशाला सामग्री व्यवस्थापनमा सहयोग कार्यक्रम संचालन हुदै आएको छ।

यी कार्यहरु वाहेक उ.मा.वि. मा सरकारी अनुदान स्वरुप दुईजना शिक्षकको तलब बराबरको रकम उपलब्ध गराउदै आएको छ । तर भौतिक व्यवस्थापनमा सरकारी रकमहरु उ.मा.वि.का लागी भनेर छुट्याउने गरको पाइदैन ।

## २.३ पूर्व अध्ययनको समिक्षा

नेपालमा उच्च माध्यमिक विद्यालयहरुको संचालन संगसंगै उच्च माध्यमिक शिक्षा कार्यक्रमलाई प्रभावकारी वनाउन विद्यालयहरु सक्षम छन् वा छैनन् यसको जानकारी लिने चासो विभिन्न संघसंस्था, व्यक्तिहरुमा उठ्नु स्वभाविक देखिन्छ । यसै सन्दर्भमा उच्च माध्यमकि विद्यालयका प्रमुख समस्याहरु वारे विभिन्न संघसंस्था वा व्यक्तिहरुबाट विगतमा गरिएका अध्ययन प्रतिवेदन तथा अनुसन्धान वारे उपलब्ध भएका सम्बन्धित विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

उच्च माध्यमिक शिक्षाको समस्या र मुद्दाहरु नामको शिर्षक राखी त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) ले सन १९९८ मा एउटा अनुसन्धान प्रतिवेदन प्रस्तुत गरेको थियो । जसमा उ.मा.वि. का समस्याहरु र अंगाल्नु पर्ने रणनीतिबारे निम्नानुसारका राय सुझावहरु प्रस्तुत गरेको थियो ।

- सरकारी, अर्धसरकारी र निजि गरी तीन किसिमका उ.मा.वि. को वर्गिकरण ।
- उ.मा.शि. परिषदबाट अनुगमन र निरिक्षणमा कमि ।
- पूर्ण वेतन शिक्षकको तुलनामा आंशिक वेतन शिक्षकहरुको संख्या वढि भएको ।
- उ.मा.शि. प. को स्पष्ट नीति नभएको ।
- उ.मा.वि. हरुले आ-आफ्नै ढंगले शुल्क निर्धारण गरेका ।
- उ.मा.वि. मा विद्यार्थी भर्नादर वृद्धि भैरहेको ।
- नमुना उ.मा.वि. को स्थापनामा जोड ।
- उ.मा.वि. शिक्षकहरुको सुविधा मा.वि. शिक्षकको भन्दा न्यून भएको ।
- उ.मा.वि. हरुलाई नियमित सरकारी अनुदान उपलब्ध गराउनु पर्ने ।

सुवेदी, (२०६२) ले उच्च माध्यामिक विद्यालयको वर्तमान अवस्था नामक विषयमा मोरङ्ग जिल्लाको ग्रामिण क्षेत्रका ३ वटा र शहरी क्षेत्रका ३ वटा उ.मा.वि. लाई नमुना छनौट गरी अध्ययन गरेका थिए । यस अध्ययनको मुख्य उद्देश्य उ.मा.वि.को आर्थिक, भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नु र देखिएका समस्याहरु समाधान गर्न उपाय खोजी गर्नु थियो । उनको अध्ययनले ग्रामिण क्षेत्रमा

विद्यालयको आयश्रोत शहरीक्षेत्रको तुलनामा ५० प्रतिशतले कमि भएको देखाएको छ । ग्रामिण क्षेत्रमा अभिभावक तथा विद्यार्थीहरुबाट कूल आयको ४० प्रतिशत र शहरी क्षेत्रमा ६० प्रतिशत रकम प्राप्त हुने देखाएको छ । ग्रामिण क्षेत्रमा गैर सरकारी संस्थाबाट २० प्रतिशत, सरकारी अनुदान तथा स्थानिय निकायबाट १५ प्रतिशत र बाँकी विद्यालयको आफ्नै श्रोतबाट जुटाउने गरेको देखाएको छ । त्यस्तै शहरी क्षेत्रमा गैर सरकारी संस्थाबाट १७ प्रतिशत र स्थानिय निकायबाट १० प्रतिशत र बाँकी आफ्नै श्रोतबाट रकम जुटाएको देखाइएको छ ।

यस अध्ययनले पूर्णकालिन शिक्षकलाई प्रतिमहिना ६५००/- र आंशिक शिक्षकलाई प्रति पिरियड १५०० का दरले रकम दिएको जनाएको छ । त्यस्तै कर्मचारी तलब भत्तामा १०.४ प्रतिशत, भौतिक सुधारमा ४.१ प्रतिशत खर्च भएको देखाएको छ । उ.मा.वि.को भौतिक अवस्था तर्फ ग्रामिण क्षेत्रका उ.मा.वि. ले मा.वि. कै भवन प्रयोग गरेको, शौचालय पर्याप्त नभएको, पुस्तकालयको व्यवस्था नभएको र ५२.३ प्रतिशत शिक्षकहरु योग्यता नपुगेका देखाएको छ । उता शहरी क्षेत्रका उ.मा.वि. हरुमा भौतिक सुविधा उल्लेख्य रुपले राम्रो देखाइएको छ भने ८०.१ प्रतिशत योग्यता पुगेका शिक्षकहरु देखाइएको छ । उक्त अध्ययनले शहरी क्षेत्रभन्दा ग्रामिण क्षेत्रका उ.मा.वि. को अवस्था नाजुक भएकाले स्थानिय निकाय, गैर सरकारी संस्था र उ.मा. शि.प.ले प्रदान गर्ने कुनै पनि रकम ग्रामिण मूखि हुनुपर्ने सुझाव दिएको छ ।

सेडप, (१९९९) अन्तरगत Higher Secondary Education Perspective Plan (1998-2012) निर्माण गरिएको थियो । यस योजनाले उ.मा.वि. बाट दिइने शिक्षालाई गुणस्तरिय, प्रभावकारी, सामाजिक न्यायसंगत वनाउने उद्देश्य लिएको छ । यसका लागि उ.मा.वि. को व्यवस्थापन पक्षलाई सवल वनाउनुपर्ने कुरालाई यस योजनाले समेटेको छ । प्रत्येक उ.मा.वि. मा न्यूनतम योगयता पुगेका सतप्रतिशत शिक्षकहरु सन् २०१२ सम्म उपलब्ध गराउने लक्ष्य राखेको छ । कक्षा ११ मा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये ९५ प्रतिशत १२ कक्षामा पुग्ने छन्  भने ७५ प्रतिशत १२ को परीक्षामा उतीर्ण हुने उक्त योजनाले लक्ष्य राखेको छ । सामुदायिक उ.मा.वि. मा कक्षाकोठा, प्रशासन कोठा, स्टाफ कोठा, स्टोर कोठा, पुस्तकालय आदि आकारमा साना

भएका, प्रयोगशालाको अवस्था नाजुक भएको, खानेपानी नियमित आपूर्ति नभएको, भवन कच्चि भएको तर निजी उ.मा.वि. मा यी सबै सुविधाहरु राम्रो भएको उक्त योजनामा उल्लेख गरिएको छ।

यस योजनाले उ.मा.वि. हरुलाई न्यूनतम सुविधा उपलब्ध गराउन वार्षिक प्रति विद्यालय ५ लाख आवश्यक पर्ने उल्लेख गरेको छ। यस योजनाले उल्लेख गरे अनुसार विद्यालय कम्पाउण्ड १५ देखि २० रोपनी सम्म हुनुपर्ने उल्लेख गरेको छ साथै अति विकट र पिछडिएको क्षेत्रमा उ.मा.वि. खोल्न सरकाले नै व्यवस्था मिलाइदिनुपर्ने सुझाव समेत दिएको छ।

खड्का, (२०५७) ले ग्रामिण क्षेत्रमा संचालित उ.मा.वि. हरुको समस्या विषयमा अध्ययन गरेका थिए । अध्ययनको मुख्य उद्देश्य उच्च मा.वि. लाई असर पार्ने भौतिक तथा आर्थिक तत्वको पहिचान गर्नु, विद्यालयको वर्तमान अवस्था विश्लेषण गरी सुझाव दिनु राखिएको थियो । यस अध्ययनमा काठमाडौंका ६ वटा उ.मा.वि. हरुलाई लिइएको थियो । यस अध्ययन प्रतिवेदनले ती विद्यालयमा विद्यार्थी/शिक्षक अनुपात ८:१, पूर्णवेतन शिक्षक १५.६ प्रतिशत र आंशिक वेतन शिक्षक ८३.३ प्रतिशत भएको देखाएको छ । विद्यालयको कूल आय मध्ये ७० प्रतिशत विद्यार्थी र अभिभावकबाट प्राप्त हुने ३० प्रतिशत सरकारी अनुदान, गैर सरकारी संस्था र स्थानिय निकायबाट प्राप्त हुने देखिएको छ । गाउँ विकास समिति र जिल्ला विकास समितिबाट ५० प्रतिशत विद्यालयहरुलाई रकम प्रदान गरिएको र बाँकीलाई रकम प्रदान नगरिएको जनाएको छ।

त्यसैगरी सतप्रतिशत विद्यालय भवन पक्कि भएको, पुस्तकालयमा पर्याप्त सुविधा भएको, ५० प्रतिशत विद्यालयमा मात्र पर्याप्त खेल मैदान भएको र कुनैपनि विद्यालयमा छात्रावास नभएको, शिक्षकलाई संचयकोष तथा उपदान सुविधा नभएको, प्रयोगशाला नभएको देखाएको छ । उक्त अध्ययनले विद्यालय कम्पाउण्ड घेरिनुपर्ने स्वच्छ खानेपानी, सुविधायुक्त शौचालय, शिक्षक आवास, विद्यार्थी छात्रावासको व्यवस्था

गरिनुपर्ने र सरकारी तथा गैर सरकारी संस्थाहरुले अनुदान तथा सहयोग रकम बढाउनुपर्ने सुझाव दिएको छ ।

Higher Secondary Edcuation Board (1996) ले Higher Secondary Education Present Status and Future Direction नामक विषयको प्रतिवेदन तयार पारेको छ । ५७ जना शिक्षा विशेषज्ञ र अनुसन्धानकर्ताको सहभागितामा तयार पारिएको यस प्रतिवेदनले १०+२ को शिक्षासंग सम्बन्धित नीति निर्माण गर्ने, न्यायसंगत वित्तिय व्यवस्थापन र आर्थिक श्रोतहरुलाई गतिशिल वनाउन सुझाव दिने मुख्य उद्देश्य राखेको थियो । यस प्रतिवेदनले शहर तथा ग्रामिण क्षेत्रमा संचालन हुने उ.मा.वि. का लागि क्षेत्रगत आधारमा फरक आर्थिक सहयोग हुनुपर्ने, ग्रामिण क्षेत्रका उ.मा.वि. लाई शतप्रतिशत शिक्षक वरावर अनुदान उपलब्ध गराइनुपर्ने, भौतिक निर्माण तथा विकासका लागि १-३ लाख सम्म प्रत्येक वर्ष अनुदान दिनुपर्ने, पुस्तकालय विस्तार, शिक्षक तालिमका लागि अनुदान दिनुपर्ने, स्थानिय रुपमा शुल्कमा वृद्धि गर्नुपर्ने र जिल्ला विकास समिति र गाउँ विकास समितिहरुलाई उच्च मा.वि. विस्तारका लागि राष्ट्रिय वजेटबाट रकम निकासा गर्नुपर्ने जस्ता सुझाव दिएको छ ।

चिराग, (१९९५) ले Higher Secondary Schools in Nepal नामक विषयमा प्रतिवेदन तयार पारेको थियो । यस प्रतिवेदनले उच्च माध्यमिक विद्यालयको भौतिक सुविधा, शिक्षकहरुको अवस्था र शिक्षण सिकाइको अवस्था प्रकाशमा ल्याएको थियो । नेपालको हिमाल, पहाड र तराई तिनै प्रदेशको र ग्रामिण तथा शहरी क्षेत्रको प्रतिनिधित्व हुने गरी ९५ वटा उ.मा.वि. को अध्ययन गरिएको थियो । यस अध्ययनले ६३ प्रतिशत उ.मा.वि. ग्रामिण क्षेत्रमा र ३७ प्रतिशत उ.मा.वि. शहरी क्षेत्रमा भएको देखाएको छ । शिक्षक संख्या औसतमा १३ जना, १७ वटा उ.मा.वि. मा मात्र आफ्नो जग्गा भएको, भवन संख्या औसतमा ६ वटा भएको, ८२ प्रतिशत उ.मा.वि. को आफ्नै भवन भएको, १३ प्रतिशत भवन मात्र पक्कि भएको देखाएको छ । उक्त प्रतिवेदनमा ९४ प्रतिशत उ.मा.वि.मा फर्निचर संख्या पर्याप्त भएको, १३ प्रतिशतसंग कार्यशाला भएको, ३३ प्रतिशतसंग छात्रावास सुविधा भएको, पुस्तकालय सुविधा प्रत्येक

विद्यालयमा भएको तर पुस्तकसंख्या अपर्याप्त भएको, खानेपानी पर्याप्त भएको, शौचालय सुविधा प्राय सबै उ.मा.वि. हरुमा भएको देखाएको छ ।

सन्दर्भ साहित्यको समिक्षा अन्तरगत पुरावलोकन गरिएका विभिन्न अध्ययनको सहायताबाट उ.मा.वि. हरुका समस्या र समाधानका वारेमा थुप्रै चर्चाहरु गरिए । अनुसन्धानकर्ताको दृष्टिकोणमा ती समस्या र समाधानलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

- उ.मा.वि.हरुमा भवन, फर्निचर, खेलमैदान, खानेपानी, शौचालय र व्यवस्थित पुस्तकालयको चर्को समस्या भएको र यसको समाधानका लागि विद्यालय, स्थानिय निकाय, अभिभावक तथा सम्बन्धित सरकारी निकाय लगाएत सबैको सक्रिय सहयोगको आवश्यकक्ता पर्दछ ।
- जनशक्तिको समस्या - उ.मा.वि. हरुमा पूर्णकालिन शिक्षकहरुको व्यवस्था हुन सकेको छैन । शिक्षकहरुको स्थायित्व, सेवा र सुविधामा अन्यौलता कायम भएका कारण उ.मा.वि. शिक्षकहरुमा अपनत्वको भावना विकास हुन सकेको छैन । यसबाट शिक्षाको गुणस्तर वृद्धिमा कठिनाई उत्पन्न भएको छ । यसको समाधानको लागि नेपाल सरकार र सम्बन्धित निकायहरुले वेलैमा ध्यान दिदै कार्यान्वयनका लागि अगाडि वढ्नु पर्दछ ।
- समन्वयको समस्या - उ.मा.शि.प. र अन्य शैक्षिक निकायबीच समन्वय कायम हुन सकेको छैन । समन्वयात्मक नीति र कार्यक्रमहरुको कमि भएका कारण कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा समस्या देखा परेको छ । यसका समाधानका लागि समन्वयात्मक नीति निर्माण गरी सोही अनुरुप कार्यान्वयन गर्नु पर्दछ ।
- समतामूलक पहुँचको समस्या : आर्थिक रुपले विपन्न र पिछडिएका क्षेत्रका बालबालिकाहरुलाई अझै पनि उ.मा.शि.को मूलप्रवाहमा समेट्न सकिएको छैन । सबैको सहभागिता सुनिश्चित गरी सामाजिक न्यायमा आाधारित शैक्षिक उपलब्धि वितरण प्रणालीको स्थापना गर्नुपर्दछ । यसका लागि सरोकारवाला निकायले ध्यान दिन जरुरी छ ।

- शैक्षिक उपलब्धि सम्बन्धि समस्याः सामुदायिक र नीजि उ.मा.वि. हरुको शैक्षिक उपलब्धिमा ठूलो भिन्नता रहेको छ । त्यसैगरी ग्रमिण र शहरीक्षेत्रका उ.मा.वि. हरुको उतिर्णदरमा पनि ठूलो भिन्नता छ । मुख्य गरी अंग्रेजी, गणित र विज्ञान विषयमा सामुदायिक उ.मा.वि. हरुको न्यून उपलब्धि देखिन्छ । यसको समाधानका लागि शिक्षक, अभिभावक, विद्यार्थी र सम्बन्धित सरकारी निकायले त्रिपक्षिय एवं बहुपक्षिय प्रयास गर्नु जरुरी देखिन्छ ।


- परीक्षा व्यवस्थापन सम्बन्धि समस्या : वार्षिक परीक्षा प्रणालीमा स्तरीकृत गर्न परीक्षासंचालनमा सहभागिता हुन सकेको छैन । परीक्षा प्रणालीलाई थप मर्यादित, विश्वसनिय र सुधारात्मक बनाउनका लागि आवश्यक स्रोत, साधन र संयन्त्रको अभावलाई हटाउनु पर्दछ ।

- पाठ्यक्रम सम्बन्धि समस्याः ज्ञानको अविस्कारले दिन प्रतिदिन प्रतिस्पर्धि बन्नुपर्ने अवस्था सृजना भएको छ । पहिचानका लागि समेत प्रतिस्पर्धा गर्नु पर्ने भएकोले प्रतिस्पर्धि, सामयिक र सुहाउदिला विषयवस्तु सहितको पाठ्यक्रम निर्माण र त्यसको कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वाधार विकास हुन नसकेकोले गुणस्तरको वस्तुगत आयाम पहिचान गर्न सकिएको छैन । यसको समाधानका लागि सरोकारवाला निकायले आवश्यक पहल गर्न जरुरी छ ।

- संगठनात्मक संरचना सम्बन्धि समस्या : त्रि.वि. बाट प्रविणता प्रमाण पत्र तह विस्थापन भएपछि उ.मा.वि. हरुमा विद्यार्थीको भर्नादरमा थप वृद्धि भएको छ । मुलुक भर विस्तार भएका उ.मा.वि. हरुको नियमित सम्पर्क र अनुगमनका लागि परिषदका जिल्ला स्थित कार्यालयहरुको सुदृढिकरण गर्नुपर्ने हुन्छ । सो हुन सकेको छैन । यसको समाधानका लागि नेपाल सरकार र उ.मा.शि.प. ले अविलम्ब ध्यान दिन जरुरी छ ।

## २.४ अवधारणात्मक ढाँचा

सम्बन्धित साहित्यको समिक्षा अन्तरगत पुनरावलोकन गरिएका विभिन्न अध्ययनहरुको सहायताबाट निम्न किसिमको अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ :



# परिच्छेद तीन
# अध्ययन विधि

अध्ययन विधिले अनुसन्धान कार्यलाई मुख्य रुपमा निर्देशन गरिरहेको हुन्छ । यो अध्यायमा अध्ययन ढाँचा, अध्ययन क्षेत्र, नमुना छनौट, तथ्याङ्कका श्रोतहरु, तथ्याङ्क संकलन प्रक्रिया जस्ता अध्ययन विधिहरुको बारेमा छलफल गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

उच्च माध्यमिक विद्यालयका मुख्य समस्याहरु पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । त्यसकारण यस अनुसन्धानको उद्देश्य प्राप्त गर्नका लागि उत्तरदाताहरुसंग खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरी संकलन गरिएका असाङख्यिक तथ्याङ्कहरुलाई तार्किक विधिद्वारा विश्लेषण गर्ने गुणात्मक ढाँचा अन्तरगत वर्णनात्मक विधिलाई प्रयोगमा ल्याइएको थियो ।

## ३.२ अध्ययन क्षेत्र

राप्ती अञ्चलका ५ जिल्ला मध्ये सल्यान एक पहाडी जिल्ला हो । ग्रामीण वस्तीहरुको बाहुल्यता भएको यस जिल्लामा शिक्षाको स्थिति मध्यम खालको छ । ग्रामिण क्षेत्रले अधिकांश भाग ओगटेको हाम्रो देश नेपालमा एक सरो कपडा फेर्न र एक गास खाना जुटाउन मुस्किल पर्ने अवस्थामा बाँचेका जनताहरुको शैक्षिक चेतना माथि उठाउन ती क्षेत्रहरुमा स्थापित शैक्षिक संस्थाहरुको भूमिका उल्लेखनिय रहन्छ । तसर्थ सल्यान जस्तो सरकारको नजर नपुग्ने ग्रामिण वस्तीको सेरोफेरोमा रहेका उ.मा.वि.हरुले सामना गरिरहेका समस्याको पहिचानले यस जिल्लाका साथै नेपालका ग्रामिण क्षेत्रमा रहेका उ.मा.वि. तहमा देखिएका समस्याहरुलाई समाधान गर्न आवश्यक नीति निर्माण गर्न सघाउ पुऱ्याउने छ भन्ने ठानी सल्यान जिल्लालाई अध्ययन क्षेत्रका रुपमा छनौट गरिएको हो ।

## ३.३ नमुना छनौट

सबै उ.मा.वि. हरु, ठाउँहरु, क्षेत्रहरु, शिक्षकहरु, विद्यार्थीहरु र अन्य सरोकारवाला व्यक्तिहरु अध्ययन विषयका जनसंख्या हुन । तर समय अभाव, वजेट र पायक पर्ने ठाउँको कारणले सबै जनसंख्यामा अध्ययन गर्न असम्भव भएको हुँदा निम्नानुसारले नमुना छनौट गरी अध्ययन गरिएको थियो ।

### ३.३.१ विद्यालयको छनौट

सल्यान जिल्लाको अध्ययन क्षेत्रका पाँचवटा गा.वि.स. बाट एक एक वटा उ.मा.वि. पर्ने गरी उद्देश्यात्मक नमुना छनौट विधि अनुसार जम्मा पाँचवटा उ.मा.वि. छनौट गरिएको थियो ।

### ३.३.२ उत्तरदाताको छनौट

अध्ययन क्षेत्र अन्तरगतका ५ वटा उ.मा.वि. का प्राचार्यहरुलाई स्वतः उत्तरदाताका रुपमा छानिएको थियो । त्यस्तै उ.मा.वि. मा अध्यापनरत शिक्षकहरु मध्ये प्रत्येक उ.मा.वि. बाट ३/३ जना का दरले १५ जना शिक्षकहरु, कक्षा ११ र १२ अध्यनरत विद्यार्थीबाट प्रतिकक्षा ४/४ जना छात्र-छात्रा गरी ८ जनाका दरले ५ वटा उ.मा.वि. का ४० जना विद्यार्थीहरु र प्रत्येक उ.मा.वि.व्य.स. बाट ३/३ जना गरी १५ जना सदस्यहरुलाई अध्ययनको उद्देश्य परिपूर्तिका लागि अध्ययन कर्ताको स्वविवेकद्वारा नमुना छनौट गर्ने विधिद्वारा उत्तरदाताको रुपमा नमुना छनौट गरिएको थियो ।

## ३.४ साधनहरुको निर्माण

यस अध्ययनका लागि आवश्यक जानकारीहरु संकलन गर्न खुल्ला अन्तरवार्ता निर्देशिका निर्माण गरिएको थियो । उ.मा.वि. का प्राचार्यहरु, शिक्षकहरु, विद्यार्थीहरु र उ.मा.वि.व्य.स. का सदस्यहरुका लागि पनि खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरिएको थियो ।

### ३.४.१ प्राचार्य तथा शिक्षकहरुका लागि खुल्ला अन्तरवार्ता निर्देशिका

उ.मा.वि. हरुले सामना गरिरहेका प्रमुख समस्याहरुको वर्तमान अवस्थाको वारेमा जानकारी संकलन गर्न प्राचार्यहरु तथा शिक्षकहरुसँग खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरिएको थियो (अनुसूचि १) ।

### ३.४.२ विद्यार्थीहरुका लागि खुल्ला अन्तरवार्ता निर्देशिका

विद्यालयका भौतिक पक्षहरु विद्यार्थीहरुका लागि पर्याप्त सुविधायुक्त भए नभएको, विद्यालयको शैक्षिक क्रियाकलापले विद्यार्थीहरुलाई आकर्षित गरे, नगरेको र उ.मा.शि. कार्यक्रमले समग्रमै उनीहरुको जीवन सफल वनाउन सहयोग गरे नगरेको विषयका बारेमा जानकारी प्राप्त गर्न विद्यार्थीसँग खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरिएको थियो (अनुसूचि २) ।

### ३.४.३ उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिका लागि खुल्ला अन्तरवार्ता निर्देशिका

उ.मा.वि. का विद्यमान समस्याहरु, उ.मा.वि. ले प्रदान गर्दै आएको शैक्षिक कार्यक्रम प्रतिको आम अभिभावकको धारणा, आगामी दिनहरुमा उ.मा.शि. कार्यक्रमहरुलाई समय सान्दर्भिक बनाउन सम्बन्धित सरोकारवालाहरुले गर्नु पर्ने कार्यहरुका वारेमा जानकारी प्राप्त गर्न उ.मा.वि. व्य.स. का सदस्यहरुसँग खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरिएको थियो (अनुसूचि ३) ।

## ३.५ साधनको वैधता निर्धारण

खुल्ला अन्तरवार्ता निर्देशिकाको वैधता निर्धारण गर्न शोध निर्देशक र चारजना साथीहरुसँग आवश्यक छलफल गरी परिमार्जन गरेर साधनको वैधता निर्धारण गरिएको थियो ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

उच्च माध्यमकि विद्यालयहरुका समस्याहरु, समाधानका उपायहरु, उ.मा.वि. हरुको शैक्षिक प्रभावकारिता सम्बन्धि शिक्षक, विद्यार्थी र उ.मा.वि. व्य.स. को धारणा पत्ता लगाउने क्रममा अनुसन्धानको लागि निम्न प्रक्रिया अपनाइएको थियो ।

### क. प्राथमिक स्रोत

छनौटमा परेका सम्बन्धित विद्यालयहरुमा अध्ययनकर्ता स्वयं उपस्थित भै प्राचार्य, उच्च मा.वि. मा पढाउने शिक्षकहरु, ती विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु र उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिका सदस्यहरु संग खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गर्ने कार्य भएको थियो ।

### ख. सहायक स्रोत

अध्ययन विषयसंग सम्बन्धित साहित्य, तथ्याङ्क, शोधपत्रहरु, आयोगका प्रतिवेदनहरु, पत्र पत्रिका, लेखहरु, सम्बन्धित विद्यालयको रेकर्ड आदि बाट प्राप्त सूचनाहरुलाई सहायक श्रोतका आधारको रुपमा संकलन गरिएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक भएकाले प्राप्त तथ्याङ्कहरुलाई औसत र प्रतिशतका रुपमा विश्लेषण गरियो । यस अध्ययनमा विद्यार्थी संख्या, शिक्षक, कर्मचारी संख्या, भवन संख्या, वेञ्च/डेस्क संख्या, तालिम प्राप्त शिक्षक संख्या र परीक्षाको नतिजालाई प्रतिशतका आधारमा विश्लेषण गरी अनुसन्धान प्रश्नहरुको जवाफ आउने गरी अर्थपूर्ण ढंगले व्याख्या गरियो ।

## परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनमा उच्च माध्यमिक विद्यालयहरुको स्थिति पहिचान गर्न, उ.मा.शि. कार्यक्रमको प्रभावकारिता लेखाजोखा गर्न र उ.मा.वि. का समस्याहरु समाधान गर्ने उपायहरु पहिचानका लागि अध्ययन क्षेत्रबाट प्राप्त भएका सूचना एवं तथ्याङ्कहरुलाई निम्नानुसार विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ४.१ उ.मा.वि. हरुको वर्तमान स्थिति सम्बन्धि विवरण

वि.सं. २०६७ सालमा त्रि.वि. बाट प्रविणता प्रमाण पत्र तह विस्थापन भएदेखि उ.मा.वि. हरु मध्यमस्तरिय जनशक्ति उत्पादन गर्ने विकल्परहित शिक्षण संस्थाको रुपमा खडा भएका छन् । उ.मा.वि. का समस्याहरु र समाधान नामक यस अध्ययनमा अध्ययन क्षेत्रका ५ वटा उ.मा.वि. हरुको वर्तमान स्थितिको अध्ययन गरिएको थियो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरुको भर्ना

विद्यार्थी संख्याको अधारमा पनि उ.मा.वि. हरुको सक्षमताको आँकलन गर्न सकिन्छ । सल्यान जिल्लाका ग्रमिण क्षेत्रमा सञ्चालित ५ वटा उमा.वि. हरुमा गरिएको अध्ययन अनुसार छात्र र छात्रा संख्या प्रत्येक वर्ष बढेको पाइयो । जसलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**कक्षा ११ र १२ को विद्यार्थी भर्ना संख्या**

| क.सं. | विद्यार्थीहरु | साल | | प्रतिशत | साल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०६५ | २०६६ | | २०६७ | |
| १ | छात्र | 670 | 905 | 35=07 | 1003 | 10=82 |
| २ | छात्रा | 465 | 590 | 26=88 | 762 | 29=15 |
| जम्मा | | 1135 | 1495 | 31=71 | 1765 | 18=06 |

श्रोतः स्थलगत अध्ययन, २०६८ ।

तालिका ४.१ को विश्लेषण गर्दा शैक्षिक सत्र २०६५ मा कक्षा ११ र १२ का छात्र छात्रा समेत जम्मा ११३५ जना भर्ना भएको देखियो भने शैक्षिक सत्र २०६६ र २०६७ मा भर्ना वृद्धि प्रतिशत क्रमश ३१.७१ र १८.०६ प्रतिशत भएको पाइयो । त्यसैगरि छात्रहरुको भर्ना वृद्धि प्रतिशत २०६६ मा ३५.०७ र २०६७ मा १०.८२ प्रतिशत देखियो भने छात्राहरुको भर्ना वृद्धि प्रतिशत २०६६ मा २६.८८ प्रतिशत र २०६७ मा २९.१५ प्रतिशत रहेको पाइयो ।

समग्रमा अनुसूचि ४ का अनुसार ४.१ लाई विश्लेषण गर्दा, शैक्षिक सत्र २०६५ मा सवैभन्दा वढि विद्यार्थी (५५० जना) जन कल्याण उ.मा.वि. मा देखिन्छ भने सबैभन्दा कम (८५ जना) सूर्योदय उ.मा.वि. मा देखिन्छ । २०६६ मा भने सबैभन्दा वढि प्रतिशत (३५.२९ %) सूर्योदय उ.मा.वि. ले विद्यार्थी भर्ना गर्न सफल भएको देखिन्छ भने सबै भन्दा कम प्रतिशत (३०%) जन ज्योति उ.मा.वि. ले विद्यार्थी भर्ना गरेको देखिन्छ । त्यसरी नै २०६७ मा जनता उ.मा.वि.ले सबैभन्दा वढि प्रतिशत (३५%) र सबैभन्दा कम प्रतिशत (११.५३%) जन ज्योति उ.मा.वि. ले भर्ना गरेको देखिन्छ ।

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने ग्रामिण क्षेत्रमा सञ्चालित उ.मा.वि. तहमा विद्यार्थी संख्या प्रत्येक वर्ष वढिरहेको छ । शैक्षिक चेतना ग्रामिण क्षेत्रमा पनि वढ्दो क्रममा छ र शिक्षा प्रति छात्राहरुको आकर्षण बढ्दो छ भन्ने स्पष्ट हुन्छ । त्यसैले उ.मा.वि. हरुमा विद्यार्थीहरुको वर्तमान भर्नाको अवस्थालाई हेर्दा उ.मा.वि. को प्रभाव वढ्दो देखिन्छ । तर छात्रहरुको तुलनामा छात्राहरुको संख्या भने केही कमै देखिन्छ । जुन शिक्षामा समान सहभागिताको सवालमा राम्रो होइन ।

### ४.१.२ उ.मा.वि. मा कार्यरत शिक्षक तथा कर्मचारी संख्या

उ.मा.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको अवस्थाले सम्बन्धित विद्यालय कत्तिको सक्षम र प्रभावकारी संस्था हो भन्ने कुरालाई संकेत गर्दछ । अध्ययनका क्रममा फेला परेको शिक्षक तथा कर्मचारीको स्थिति निम्नानुसार भएको पाइयो ।

## तालिका नं. ४.२

## उ.मा.वि. मा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण

| क्रि.सं. | विद्यालयको नाम | अध्यापनरत शिक्षक | | स्नातक वा सो सरह | | स्नातकोत्तर वा सो सरह | | कर्मचारी संख्या | पूर्णवेतन शिक्षक | आंशिक वेतन शिक्षक | तालिम प्राप्त शिक्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. | पु. | म. | | | | |
| 1 | जन ज्योति उ.मा.वि. | 7 | – | 2 | – | 5 | – | 3 | 2 | 5 | 4 |
| 2 | सूर्योदय उ.मा.वि. | 5 | – | 2 | – | 3 | – | 2 | 2 | 3 | 3 |
| 3 | जनता उ.मा.वि. | 8 | – | 3 | – | 5 | – | 3 | 3 | 5 | 5 |
| 4 | सरस्वती उ.मा.वि. | 5 | – | 1 | – | 4 | – | 2 | 2 | 3 | 3 |
| 5 | जनकल्याण उ.मा.वि. | 10 | – | – | – | 10 | – | 4 | 4 | 6 | 7 |
| जम्मा | | 35 | 0 | 8 | 0 | 27 | 0 | 14 | 13 | 22 | 22 |
| प्रतिशत | | 100 | 0 | 22=85 | 0 | 77=14 | 0 | 100 | 37=14 | 62=85 | 62=85 |

श्रोतः स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिका ४.२ लाई विश्लेषणगर्दा सबैभन्दा वढि शिक्षक (१० जना) जनकल्याण उ.मा.वि. मा रहेको पाइयो भने सबैभन्दा कम (५/५ जना) सूर्योदय र सरस्वती उ.मा.वि. मा रहेको पाइयो । कुनै पनि उ.मा.वि. मा  महिला शिक्षिका रहेको पाइएन । त्यसरी नै शैक्षिक योग्यता तर्फ जन कल्या उ.मा.वि. मा कार्यरत सबै शिक्षकहरु (१० जना) स्नातकोत्तर तह उतीर्ण गरेको पाइयो भने सबैभन्दा कम (३ जना) स्नातकोत्तर तह उतीर्ण गरेका सूर्योदय उ.मा.वि. मा देखियो । पूर्ण वेतनमा काम गर्ने शिक्षकहरु जन कल्याण उ.मा.वि. मा सबैभन्दा वढि (४ जना) रहेको पाइयो भने अरु सबै उ.मा.वि. मा पूर्णवेतन शिक्षकको संख्या २/२ जना रहेको पाइयो । आंशिक वेतनमा काम गर्ने शिक्षकहरु सवैभन्दा वढि जन कल्याण उ.मा.वि. मा (६ जना) पाइयो भने जन ज्योति उ.मा.वि. र जनता उ.मा.वि. मा ५/५ जना र अरुमा ३/३ जना रहेको पाइयो । त्यसैगरी तालिम प्राप्त शिक्षक वा शिक्षा शास्त्र संकायबाट स्नातकोत्तर गरेका सबैभन्दा वढि शिक्षकहरु (७ जना) जनकल्याण उ.मा.वि. मा रहेको पाइयो भने सबैभन्दा कम ३/३ जना सूर्योदय र सरस्वति उ.मा.वि. मा रहेको पाइयो । उ.मा.वि. मा पठन पाठन वाहेक अन्य कार्यालय सम्बन्धि काम गर्नका लागि सबैभन्दा वढि कर्मचारी ४ जना जनकल्याण उ.मा.वि. मा रहेको पाइयो भने सबैभन्दा कम

२/२ जना कर्मचारी सूर्योदय र सरस्वती उ.मा.वि. मा रहेको पाइयो । माथिको तालिकाबाट कुनै पनि उ.मा.वि. मा महिला शिक्षाका रहेको पाइएन ।

यसबाट निचोडमा के भन्न सकिन्छ भने उ.मा.वि. हरुलाई सक्षम शिक्षण संस्थाको रुपमा अगाडि  बढाउने जिम्मा लिएका शिक्षकहरु (२७ जना) ७७.१४ प्रतिशत को शैक्षिक योग्यता स्नातकोत्तर तह उत्तीर्ण गरेका र बाँकी (८ जना) २२.८६ प्रतिशत ले सो तह उतिर्ण गर्न लागि परेको पाइयो । उ.मा.वि. मा अध्यापन गर्ने शिक्षकहरु मध्ये १३ जना पूर्णवेतनका शिक्षकको रुपमा र २२ जना आँशिक वेतनको रुपमा काम गरेको पाइयो जुन कुरा समृद्ध उ.मा.वि. का लागि राम्रो होइन । यसमा सरकारी निकायबाट ध्यान दिन जरुरी देखिन्छ । यसका साथै अध्ययन क्षेत्रका ५ वटै उ.मा.वि. मा कार्यरत ३५ जना शिक्षकहरु मध्ये एक जना पनि महिला शिक्षिका नहुनु लैङ्गिक समानताका दृष्टिले नराम्रो पक्ष हो ।

### ४.१.३ उ.मा.वि. हरुमा भौतिक संरचनाको अवस्था

उ.मा.वि. हरुको समस्या र समाधान विषयक अध्ययनको क्रममा उ.मा.वि.हरुमा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था, शौचालयको अवस्था कच्चि भएपनि भवनको अवस्था र पुस्तकालयको अवस्था सन्तोषजनक रहेको पाइयो । जसलाई निम्नानुसारको तालिकाबाट प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.३**

**उ.मा.वि. हरुको भौतिक संरचनाको अवस्था**

| क.सं. | विद्यालयको नाम | कक्षा सञ्चालन | भवनको अवस्था | | फर्निचरको अवस्था | | पुस्तकालयको अवस्था | | शौचालयको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कच्चि | पक्कि | पर्याप्त | अपर्याप्त | सन्तोषजनक | सन्तोषजनक नभएको | पर्याप्त | अपर्यात |
| 1 | जन ज्योति उ.मा.वि. | 1-12 | 5 | - | √ | | √ | | √ | |
| 2 | सूर्योदय उ.मा.वि. | 1-12 | 4 | - | √ | | | √ | √ | |
| 3 | जनता उ.मा.वि. | 1-12 | 5 | - | √ | | √ | | √ | |
| 4 | सरस्वती उ.मा.वि. | 1-12 | 4 | - | √ | | | √ | √ | |
| 5 | जनकल्याण उ.मा.वि. | 1-12 | 2 | 4 | √ | | √ | | √ | |

श्रोतः स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिका ४.३ लाई विश्लेषण गर्दा अध्ययन गरिएका ५ वटै उ.मा.वि. हरुमा पक्कि भवनको समस्या देखिन्छ । एउटा जन कल्यान उ.मा.वि. मा मात्रै पक्कि ४ वटा भवन भएको पाइयो भने बाँकी सबैमा कच्चि भवन भएको पाइयो । सञ्चालित सबै उ.मा.वि. मा १-१२ सम्मका कक्षाहरु संचालन गरिएको पाइयो । १-५ सम्मका कक्षाहरु छुट्टै संचालन गरिएको पाइयो । त्यस्तै फर्निचर र शौचालयको अवस्था सबै उ.मा.वि. हरुमा विद्यार्थी संख्याको आधारमा पुगेको भएपनि नियमित पानी नआउने समस्याले शौचालय फोहोर भएको पाइयो । पुस्तकालयमा जन ज्योति, जनता र जनकल्याण उ.मा.वि. मा विद्यार्थीहरुलाई सन्दर्भ श्रोतको रुपमा सहयोग गर्ने पुस्तकहरु भएको पाइयो भने पत्र पत्रिकाको अभाव रहेको देखियो । सूर्योदय र सरस्वती उ.मा.वि. मा नाम मात्रको पुस्तकालय भएपनि पर्याप्त पुस्तकहरु भएको पाइएन ।

यसबाट निष्कर्ष स्वरुप के भन्न सकिन्छ भने सरोकार वाला निकायहरुले उ.मा.वि. हरुको भवन पक्कि वनाउन आवश्यक पहल गर्न जरुरी देखिन्छ । पुस्तकालयहरुलाई नामको रुपमा मात्र संचालन नगरी पर्याप्त पाठ्यपुस्तक, पत्र-पत्रिका आदिको व्यवस्था गरी उ.मा.वि. हरुलाई सुविधा सम्पन्न शिक्षण संस्थाको रुपमा विकास गर्न जरुरी छ । यसका साथै शौचालयमा पानीको उचित व्यवस्था गरी शौचालय प्रयोगको वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

### ४.१.४ उ.मा.वि. मा शुल्क निर्धारण र आम्दानीको स्रोत

अध्ययन क्षेत्रका सबै उ.मा.वि. हरुमा शुल्क निर्धारण वि.व्य.स. ले नै गरेको पाइयो । त्यसैले उ.मा.वि. पिच्छे फरक फरक शुल्क उठाउने गरेको पाइयो । सरकारी अनुदान पनि फरक फरक ढंगले प्राप्त भएको पाइयो । जसलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ४.४

## उ.मा.वि. मा शुल्क निर्धारण र आम्दानीको श्रोत सम्बन्धि विवरण

| क.सं. | उ.मा.वि. को नाम | शुल्क निर्धारण | आम्दानीको श्रोत | | |
|---|---|---|---|---|---|
| | | | विद्यार्थी शुल्क | सरकारी अनुदानबाट | अन्य |
| 1 | जन ज्योति उ.मा.वि. | वि.व्य.स | 50% | 25% | 25% |
| 2 | सूर्योदय उ.मा.वि. | वि.व्य.स | 40% | 10% | 50% |
| 3 | जनता उ.मा.वि. | वि.व्य.स | 50% | ३0% | 20% |
| 4 | सरस्वती उ.मा.वि. | वि.व्य.स | 45% | 15% | 40% |
| 5 | जनकल्याण उ.मा.वि. | वि.व्य.स | 75% | 25% | 25% |

श्रोतः स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिका नं. ४.४ लाई विश्लेषण गर्दा सबै उ.मा.वि. हरुको शुल्क उ.मा.वि. व्य.स. बाट नै निर्धारण हुने गरेको पाइयो । सबैभन्दा वढि ७५ प्रतिशत आम्दानी विद्यार्थी शुल्कबाट उठाउने जन कल्याण उ.मा.वि. रहेको देखियो भने सबै भन्दा कम आम्दानी ४० प्रतिशत विद्यार्थीहरुबाट उठाउने सूर्योदय उ.मा.वि. रहेको पाइयो । त्यसैगरी सवैभन्दा वढि अनुदान ३० प्रतिशत पाउने जनता उ.मा.वि. देखिन्छ भने कम १० प्रतिशत अनुदान पाउने सूर्योदय उ.मा.वि. रहेको देखिन्छ । सरकारी अनुदान कम पाउने भएकाले चन्दा संकलन, स्थानिय निकायबाट प्राप्त रकम अन्य श्रोत अन्तरगतको शिर्षकमा वढि ५० प्रतिशत आम्दानी गर्ने सूर्योदय उ.मा.वि. देखिन्छ भने सबैभन्दा कम २० प्रतिशत अन्य श्रोत अन्तरगतको शिर्षकमा आम्दानी गर्ने जनता उ.मा.वि. देखिन्छ । अध्ययन क्षेत्रका ५ वटा उ.मा.वि. मध्ये, जन ज्योति, जनता र जनकल्याण उ.मा.वि.हरु नाफामा चलेको देखिन्छ भने सूर्योदय र सरस्वती उ.मा.वि. घाटामा वा शिक्षकहरुको तलब तथा दैनिक प्रयोग हुने स्टेशनरी सामानको खर्च आम्दानी भन्दा वढि भएको पाइयो ।

यसबाट के निष्कर्ष निकाल्न सिकन्छ भने उ.मा.वि. हरु दिनप्रतिदिन आत्म निर्भरको दिशामा अगाीड बढेको देखिन्छ । कम आयश्रोत भएका विद्यालयको पहिचान गरी अनुदान दिने प्रक्रियालाई सक्षमताको आधारमा समानुपातिक वनाउनुपर्दछ । सरकारी अनुदान न्यून भएकाले वढाइनुपर्दछ । स्थानिय निकायलाई उ.मा.वि. हरुले

आम्दानीको श्रोतका रुपमा लिएको हुदा यो प्रवृत्तिलाई हटाई शिक्षा क्षेत्रमा लगानी गर्ने प्रमुख शेयर नेपाल सरकारले लिनुपर्दछ । कमजोर आर्थिक अवस्था भएका उ.मा.वि. हरुको पहिचान गरी सरकारी अनुदान वढाउनुपर्ने र विद्यार्थी शुल्क घटाउनुपर्ने देखिन्छ ।

## ४.२ उ.मा.शि. कार्यक्रमको प्रभावकारिता

उ.मा.शि. कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने क्रममा पहिलो चरणमा उ.मा.वि. मा कक्षा ११ मा विगत ३ वर्षको विद्यार्थी भर्नादर र कक्षा ११ कै विगत ३ वर्षको परीक्षाको नतिजालाई विश्लेषण गरिएको थियो भने दोस्रो चरणमा सरोकारवाला व्यक्तिहरुसंग खुल्ला अन्तरवार्ता निर्देशिका प्रयोग गरीएको थियो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ कक्षा ११ को विद्यार्थी भर्ना संख्या

उच्च माध्यमिक शिक्षा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्ने क्रममा सल्यान जिल्लाका ५ वटा उ.मा.वि. का कक्षा ११ मा वि.स.. २०६५ देखि २०६७ साल सम्मको विद्यार्थी भर्ना अवस्थालाई अध्ययन गरिएको थियो । अध्ययनको क्रममा विद्यार्थी संख्या र भर्ना प्रतिशत निरन्तर वढिरहेको पाइएको थियो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५**

**कक्षा ११ को विद्यार्थी भर्ना संख्या**

| क.सं. | विद्यार्थीहरु | साल | | प्रतिशत | साल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०६५ | २०६६ | | २०६७ | |
| १ | छात्र | 425 | 480 | 12=94 | 523 | 8=95 |
| २ | छात्रा | 270 | 320 | 18=51 | 442 | 38=12 |
| जम्मा | | 695 | 800 | 15=10 | 965 | 20=62 |

श्रोतः स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिका ४.५ अनुसार २०६५ मा कक्षा ११ मा छात्रहरु ४२५ जना भर्ना भएको मा २०६६ र २०६७ मा क्रमश १२.९४ प्रशित र ८.९५ प्रतिशतले बढेको देखियो भने छात्रहरु २०६६ र २०६७ मा क्रमश १८.५१ प्रतिशत र ३८.१२ प्रतिशतले बढेको पाइयो । अनुसूचि ५ का आधारमा तालिका ४.५ लाई विश्लेषण गर्दा २०६५ मा सबैभन्दा वढि विद्यार्थीहरु ३५० जना (५०.३५%) जनकल्याण उ.मा.वि. मा भर्ना भएको पाइयो भने सवै भन्दा कम सूर्योदय उ.मा.वि. मा ५० जना (७.१९%) भर्ना भएको पाइयो । वि.सं. २०६६ सालमा संख्यात्मक रुपमा जनकल्याण उ.मा.वि. मा ३७० जना विद्यार्थी सबैभन्दा वढि भर्ना भएको देखिन्छ भने वृद्धि प्रतिशतका आधारमा सरस्वति उ.मा.वि. मा सबै भन्दा वढि वृद्धि प्रतिशत (३५.७१%) रहेको देखिन्छ भने सबैभन्दा कम संख्यात्मक रुपमा ६५ जना मात्र सूर्योदय उ.मा.वि. मा भर्ना भएको देखिन्छ तर वृद्धि प्रतिशतका आधारमा सबैभन्दा कम प्रतिशत (५.७१%) जनकल्याण उ.मा.वि. मा विद्यार्थी भर्ना भएको देखिन्छ । त्यसैगरी शैक्षिक सत्र २०६७ मा सबैभन्दा वढि विद्यार्थी ५०८ जना (५२.६४%) जनकल्याण उ.मा.वि. मा भर्ना भए भने यसको वृद्धि प्रतिशत ३७.२९ प्रतशित रहेको देखिन्छ । सबैभन्दा कम सूर्योदय उ.मा.वि. ६७ जना मात्र (९.६४%) भर्ना भए भने यसको वृद्धि प्रतिशत पनि सबै उ.मा.वि. को भन्दा कम ३.०७ प्रतिशत मात्र देखिन्छ ।

त्यसैगरी तालिका नं. ४.५ अनुसार प्रत्येक वर्ष छात्रा भर्ना संख्या पनि वढिरहेको देखिन्छ । शैक्षिक सत्र २०६५ मा सबैभन्दा वढि छात्रा जनकल्याण उ.मा.वि. मा (१५० जना) भर्ना भएको देखिन्छ भने सबैभन्दा कम सूर्योदय उ.मा.वि. मा (१५ जना) भर्ना भएको देखिन्छ । त्यसैगरी शैक्षिक सत्र २०६६ मा सबैभन्दा वढि (१५५ जना) जनकल्याण उ.मा.वि. मा भर्ना भएको पाइयो भने सबैभन्दा कम (२५ जना) सूर्योदय उ.मा.वि. मा भएको देखियो । शैक्षिक सत्र २०६७ मा संख्यात्मक रुपमा सबैभन्दा बढि २६७ जना र प्रतिशतका आधारमा पनि सबै भन्दा बढि ५२.५५ प्रतिशत छात्राहरु पनि जनकल्याण उ.मा.वि. मा भर्ना भएको देखियो ।

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने उ.मा.शि. कार्यक्रम दिनप्रतिदिन सफल र सक्षम हुँदै गैरहेको छ । यसको फलस्वरुप प्रत्येक वर्ष विद्यार्थीहरुको संख्यामा

उल्लेख्य वृद्धि हुदै गैरहेको छ । प्रत्येक विद्यालयमा छात्रा संख्या र भर्ना वृद्धिदर पनि वढिरहेको छ । जन कल्याण उ.मा.वि. मा वर्ष २०६७ मा छात्रहरुको भन्दा छात्राहरुको संख्या वढि भएको देखियो । तर छात्रहरुको संख्याको तुलनामा छात्राहरुको संख्या अन्य उ.मा.वि. हरुमा कमै रहेको देखियो । यसबाट के स्पष्ट हुन्छ भने अझै पनि ग्रामिण क्षेत्रहरुमा छोरीहरुलाई विद्यालय पठाउन कन्जुस्याँई भैरहेको छ । यसमा सरोकारवाला निकायहरुले ध्यान दिना जरुरी देखिन्छ ।

### ४.२.२ कक्षा ११ को वार्षिक परीक्षाको उतीर्ण दर

उच्च माध्यमिक शिक्षाको प्रभावकारिताको वारेमा अध्ययन गर्ने क्रममा कक्षा ११ को वार्षिक परिक्षाको ३ वर्षको नतिजालाई अध्ययन गरिएको थियो । अध्ययनबाट उतीर्ण दर प्रत्येक वर्ष बढिरहेको देखिएको थियो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.६**

**परीक्षामा सहभागि मध्ये कक्षा ११ को विद्यार्थी उत्तीर्ण दर (प्रतिशतमा)**

| क.सं. | विद्यार्थीहरु | 2065 | प्रतिशत | 2066 | प्रतिशत | 2067 | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | छात्र | 136 | 31=92 | 138 | 32=24 | 145 | 35=48 |
| 2 | छात्रा | 104 | 24=76 | 107 | 27=93 | 125 | 30=41 |
| जम्मा | | 240 | 28=36 | 245 | 30=20 | 279 | 33=01 |

श्रोत: स्थलगत अध्ययन, २०६८ ।

तालिका ४.६ लाई विश्लेषण गर्दा २०६५ मा छात्रहरुको उतीर्ण प्रतिशत ३१.९२ प्रतिशत, २०६६ मा ३२.२४ प्रतिशत र २०६७ मा ३५.४८ प्रतिशत रहेको पाइयो भने छात्राहरुको उतीर्ण प्रतिशत २०६५ मा २४.७६ प्रतिशत, २०६६ मा २७.९३ प्रतिशत र २०६७ मा ३०.४१ प्रतिशत रहेको पाइयो । समग्रमा उतीर्ण प्रतिशत प्रत्येकवर्ष वढिरहेको पाइयो ।

**तालिका नं. ४.६**

**विद्यालय अनुसार कक्षा ११ को उतीर्ण दर (प्रतिशतमा)**

| क्र.सं. | उ.मा.वि. को नाम | ptL)f{ k\|ltzt | | |
|---|---|---|---|---|
| | | 2065 | २०६६ | 2067 |
| 1 | जन ज्योति उ.मा.वि. | 35=04 | 37=19 | 40 |
| 2 | सूर्योदय उ.मा.वि. | 25 | 30=79 | 32=86 |
| 3 | जनता उ.मा.वि. | 29=31 | 48=39 | 49=52 |
| 4 | सरस्वती उ.मा.वि. | 26=15 | 30=43 | 33=33 |
| 5 | जनकल्याण उ.मा.वि. | 26=92 | 24=62 | 27=4 |

श्रोतः स्थलगत अध्ययन, २०६८ ।

माथिको तालिका ४.७ लाई हेर्दा कक्षा ११ को वार्षिक परीक्षा २०६५ मा जन ज्योति उ.मा.वि. ले सबै भन्दा बढि प्रतिशत (३५.०४%) विद्यार्थीहरु उतीर्ण गराउन सफल भएको देखियो भने सबैभन्दा कम प्रतिशत (२५%) विद्यार्थी उतीर्ण गराउनेमा सूर्योदय उ.मा.वि. देखियो । २०६६ को नतिजा अनुसार सबैभन्दा वढि विद्यार्थी प्रतिशत (४८.३९%) जनता उ.मा.वि. ले उतीर्ण गरायो भने सबैभन्दा कम प्रतिशत (२४.६२%) जन कल्याण उ.मा.वि.  ले उतिर्ण गराएको देखियो । यसरी नै २०६७ को नतिजा अनुसार जनता उ.मा.वि. ले ५२ जना (४९.५२%) विद्यार्थी उतीर्ण गराई पहिलो स्थान ल्याउन सफल देखियो भने जनकल्याण उ.मा.वि. ले सबै भन्दा कम प्रतिशत २७.४% (१३० जना) विद्यार्थी उतीर्ण गराएको देखियो । विस्तृत जानकारीको लागी अनुसूचि ६ ।

त्यसैगरि तालिका नं. ४.७ का अनुसार सबै विद्यालयहरुले प्रत्येक वर्षको कक्षा ११ को वार्षिक परीक्षामा उतिर्ण प्रतिशत वढाउदै लगेको देखिन्छ । २०६६ को वार्षिक परीक्षाको नतिजामा जनकल्याण उ.मा.वि. को उतिर्ण प्रतिशत भने अघिल्लो वर्षको भन्दा केही कम भएको देखियो । माथिकै तालिका अनुसार ४ वटा उ.मा.वि. हरुले ३ वर्षको वार्षिक परीक्षाको नतिजामा छात्राहरुको उतिर्ण प्रतिशत वढाउदै लगेको देखियो भने जन कल्याण उ.मा.वि. को छात्रा उतिर्ण संख्या तथा प्रतिशत भने घटेको देखियो ।

यसबाट के भन्न सकिन्छ भने, उ.मा.वि. हरु विद्यार्थीहरुलाई व्यावहारिक र गुणस्तरिय शिक्षा प्रदान गर्न सक्षम हुदै गैरहेको देखिन्छ । यसको पुष्टि तालिका नं.

४.६ ले नै गर्दछ । अर्को तर्फ ग्रामिण भेगमा चुलो चौको र घाँस पातमा दिनहरु बिताउने छात्राहरु पनि उ.मा.शि. को दायरा भित्र आई उ.मा.वि. लाई थप प्रोत्साहन दिन खोजेको झलक देखिन्छ । यो उ.मा.शि. कार्यक्रमको प्रभावकारिताको सूचक हो । यसका अतिरिक्त समग्रमा सबैभन्दा वढि उतिर्ण प्रतिशत ल्याउने विद्यालयको उत्तिर्ण प्रतिशत ४९.५२ प्रतिशत (जनता उ.मा.वि.) र सबैभन्दा कम उतिर्ण प्रतिशत ल्याउने विद्यालयको उतिर्ण प्रतिशत २४.६२ (जन कल्याण उ.मा.वि.) देखियो । अझै पनि करिव ५१ प्रतिशत विद्यार्थीहरु असफलताको शिकार वन्न बाध्य भएको देखिन्छ । आगामि दिनहरुमा सरोकारवाला सबैले व्यापक मेहनतका साथ असफल विद्यार्थीहरुको प्रतिशत घटाउन निकै मेहनत गर्नु पर्ने देखिन्छ ।

### ४.२.३ उ.मा.शि. कार्यक्रमको प्रभावकारिता सम्बन्धि अवधारणाहरु

उ.मा.शि. कार्यक्रमको प्रभावकारिताको विश्लेषण गर्नु यस अध्ययनको एउटा उद्देश्य थियो । अध्ययन क्षेत्रका ४० जना विद्यार्थीहरुलाई उत्तरदाताको रुपमा छनोट गरिएको थियो । उनीहरुसंग खुल्ला अन्तरवार्ता निर्देशिकाको प्रयोग गरी जानकारी संकलन गरिएको थियो । जुन निम्नानुसार रहेका छन् ।

उच्च माध्यमिक शिक्षालाई तपाई कसरी अर्थ्याउनु हुन्छ ? भन्ने प्रश्नको जवाफमा १८ जना (४५%) ले विद्यालय र विश्व विद्यालय वीचको पुलको रुपमा, १२ जना (३०%) ले विश्व विद्यालय अन्तरगतकै शिक्षाको रुपमा र १० जना (२५%) ले विद्यालय तहकै रुपमा आफ्नो धारणा व्यक्त गरेको पाइयो । उ.मा.शि. प्राप्त गरेपछि यसले तपाइलाई कस्तो सहयोग पुऱ्याउनु पर्दछ ? भन्ने प्रश्नको जवाफमा १० जना ( २५%) ले व्यवहारिक जीवनमा आइपर्ने समस्या समाधान गर्ने क्षमताको रुपमा, १२ जना (३०%) ले उच्च शिक्षा अध्ययनको पूर्वाधारको रुपमा र १८ जना (४५%) ले विशेष प्रकारको ज्ञानसीप प्राप्त गरी जीवन पद्धतिमा सुधार गर्ने भनी प्रतिक्रिया व्यक्त गरे । उ.मा.शि. को वर्तमान पाठ्यक्रमले तपाईले अपेक्षा गरे अनुसार लक्ष्य प्राप्तीमा कुन रुपले सहयोग पुऱ्याउँछ ? भन्ने प्रश्नको उत्तरमा २४ जना (६०%) ले आंशिक

रुपले, १० जना (२५%) ले पूर्णरुपले र ६ जना (१५%) ले केही पनि सहयोग गर्दैन भनी प्रतिक्रिया दिएको पाइयो ।

त्यसैगरी तपाइको विचारमा उ.मा.शि. को उपलब्धि कस्तो किसिमको हुनुपर्दछ ? प्रश्नको जवाफमा २० जना (५०%) ले व्यवहारिक, १४ जना (३५%) ले रोजगारी मूलक र ६ जना (१५%) ले सैद्धान्तिक हुनुपर्दछ भनी प्रतिक्रिया व्यक्त गरे । विद्यालय शिक्षा पूरा गरिसकेपछि पुनः विद्यालयमा नै उ.मा.शि. प्राप्त गर्ने अवसर पाउनुलाई तपाई कस्तो ठान्नु हुन्छ ? भन्ने प्रश्नको जवाफमा १४ जना (३५%) ले ज्यादै राम्रो लाग्छ, १६ जना (४०%) ले राम्रो लाग्छ र १० जना (२५%) ले राम्रो लाग्दैन भनी प्रतिक्रिया व्यक्त गरेको पाइयो । पुनः विद्यालय वातावरणमा नै अध्ययन गर्दा राम्रो लाग्छ किन ? भन्ने प्रश्नको जवाफमा १४ जना (३५%) ले घर परिवारमा नै बसेर कम खर्चमा अध्ययन गर्न पाउनु, ८ जना (२०%) ले आर्थिक कारणले पढाइ छाड्नु नपर्ने, १० जना (२५%) ले शहर बजारको भड्किलो संगतबाट जीवनलाई सुरक्षित राख्न भनी जबाफ दिए भने ८ जना (२० %) ले कुनै पनि प्रतिक्रिया दिएनन् । खुल्ला अन्तरवार्ताकै क्रममा तपाइले अध्ययन गर्ने पाठ्यपुस्तकका पाठ्यवस्तुहरु कस्ता छन् ? भन्ने प्रश्नावलीको जवाफमा ५ जना (१० %) ले ज्यादै गाह्रो, २४ जना (६०%) ले गाह्रो र १२ जना (३०%) ले सजिलो भनी प्रतिक्रिया दिए ।

तपाइले अध्ययन गर्ने उ.मा.वि. मा पुस्तकालयको कस्तो व्यवस्था छ ? भन्ने प्रश्नको जवाफमा २४ जना (४०%) ले सामान्य काम चल्ने खालको, १० जना (२५%) ले उत्तम र ६ जना (१५%) ले पुस्तकहरु नै नपाइने खालको छ भनी प्रतिक्रिया व्यक्त गरेको पाइयो । तपाइको लक्ष्य पूरा गर्न सवभन्दा वढि कसको भूमिका हुन्छ ? भन्ने प्रश्नको जवाफमा १६ जना (६०%) ले स्वयं आफ्नो, १४ जना (३५%) ले अभिभावकको र १० जना (२५%) ले विद्यालय प्रशासन र व्यवस्थापन समितिको भनी जावफ दिएको पाइयो । निःशुल्क बृत्ति वा छात्रवृत्ति कस्ता छात्र छात्राहरुलाई प्रदान गर्नु उपयुक्त हुन्छ ? भन्ने प्रश्नको जवाफमा १८ जना (४८%) ले सामान्य अध्ययनमा लगानी गर्न नसक्ने छात्र छात्रालाई, १२ जना (३०%) ले दुर्गम तथा विपन्न वर्गमा

रहेका छात्र छात्राहरुलाई र १० जना (२५%) ले सामाजिक रुपले पछि परेका छात्र छात्राहरुलाई भनी प्रतिक्रिया दिएको पाइयो ।

माथि उल्लेखित उत्तरदाताहरुबाट प्राप्त प्रतिक्रियाका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने, उच्च माध्यमिक शिक्षा भनेको विद्यालय र विश्वविद्यालवीचको शिक्षा हो । जसले विशेष प्रकारको ज्ञान, सीप प्रदान गरी जीवन पद्धतिमा सुधार गर्न र समयानुकूल अगाडि बढ्न बाटो निर्देश गर्दछ । जसको लागि उ.मा.शि.प. ले समय सुहाउदो पाठ्यक्रम निर्माण तथा परिमार्जन गरी अगाडि वढ्न आवश्यक हुन्छ र सो प्रक्रिया भैरहेको पनि छ । ग्रामिण क्षेत्रमा उ.मा.वि. हरु स्थापना गरी कम आर्थिक भारमा शिक्षा प्राप्त गर्ने अधिकांश नेपालीहरुको चाहनालाई यी विद्यालयहरुले पूरा गरिरहेको माथिको अन्तरवार्ताको क्रममा प्राप्त प्रतिक्रियाबाट स्पष्ट हुन्छ । १७/१८ वर्षको कलिलो उमेरमा घरभन्दा वाहिर वस्दा विभिन्न खाले विकृति र विसङ्गतिको शिकार वन्ने वाध्यता उ.मा.वि. हरुको गाउँ गाउँमा स्थापनाले हटाइदिएको प्रतिक्रिया पनि अन्तरवार्ताकै क्रममा भएको पाइन्छ । उ.मा.शि. प्राप्त गरी आफ्नो जीवनको लक्ष्य पूरा गर्ने सन्दर्भमा स्वयं आफ्नो भूमिका महत्वपूर्ण हुने र अन्य व्यक्ति तथा संस्थाको भूमिका सहायक हुने भन्ने जस्ता महत्वपूर्ण सवालको पक्षमा अन्तरवार्ताको क्रममा धेरै सहभागिहरुले प्रतिक्रिया व्यक्त गरेको पाइयो । यसै क्रममा उ.मा.वि. हरुमा विद्यार्थीहरुका सुविधाका लागि स्थापना गरिएका पुस्तकालय लगायत अन्य भौतिक संरचना, विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति तथा tallent hunt जस्ता कार्यक्रमहरु सम्बन्धित व्यक्ति र आवश्यक परेको संस्थामा जाने व्यवस्था मिलाएमा उ.मा.शि. कार्यक्रमको प्रभावकारिता निकै वढ्ने धारणा अन्तरवार्ताको क्रममा व्यक्त गरेको पाइयो । उच्च माध्यमिक शिक्षाको प्रभाव व्यापक छ र भैरहने छ भन्ने कुरा उत्तरदाताहरुबाट प्राप्त प्रतिक्रियाले पुष्टि गर्दछ ।

### ४.३ उ.मा.वि. का समस्याहरुको पहिचान

उ.मा.वि. का विद्यमान समस्याहरुको पहिचान गर्ने क्रममा अध्ययन क्षेत्रका ५ वटा उ.मा.वि. का प्राचार्यहरु र प्रत्येक उ.मा.वि. बाट ३ जनाका दरले ५ वटा

उ.मा.वि. का १५ जना शिक्षकहरु गरी जम्मा २० जनालाई उ.मा.वि. का समस्याहरुवारे खुल्ला अन्तरवार्ता निर्देशिकाको प्रयोग गरी जानकारी संकलन गरिएको थियो । जुन निम्नानुसार छन्:

### ४.३.१ उ.मा.वि. का समस्याहरुप्रतिको प्राचार्य र शिक्षकहरुको प्रतिक्रिया

उ.मा.वि. का समस्याहरुको सम्बन्धमा प्राचार्यहरु र शिक्षकहरुसंग लिइएको खुल्ला अन्तरवार्ताबाट प्राप्त जानकारीहरु निम्नानुसार रहेका छन्:

तपाइको विद्यालयमा पठनपाठनका लागि भवनहरु पर्याप्त छन् ? भन्ने सवालमा ८० प्रतिशत (१६ जना) ले उ.मा.वि. का लागि भनेर छुट्टै वनाइएका भवनहरु नभएका तर मा.वि. को लागि भनेर वनाइएका भवन भने कच्चि भएपनि पर्याप्त भएको प्रतिक्रिया व्यक्त गरेको पाइयो । उ.मा.वि. को आफ्नै भवन नभएकाले १० + २ का कक्षाहरु विहान सञ्चालन गरिएको पाइयो । उ.मा.वि. मा विद्यार्थीहरु वस्नलाई के कस्तो व्यवस्था छ नि ? भन्ने प्रश्नको जवाफमा विद्यार्थीहरु वस्नको लागि वेञ्च र लेख्नको लागि डेस्कको व्यवस्था गरिएको छ भन्ने पक्षमा २० जनाले आफ्नो मत व्यक्त गरे । यसबाट ५ वटै उ.मा.वि. मा विद्यार्थी बस्नको लागि खासै समस्या नभएको पाइयो । अतिरिक्त क्रियाकलापका लागि पर्याप्त ठाउ भए नभएको वारेमा सोधिएको प्रश्नको जवाफमा १५ जना (७५%) ले खेलकुद अन्तरगत भलिवल, वास्केट बल, टेबुलटेनीश र छोटा दौडहरु लगायतका क्रियाकलाप गराउन समस्या नभएको धारणा राखे भने ५ जना (२५%) ले धेरै ठाउँ आवश्यक नपर्ने खेलकुद खेलाउन सकिने अवस्था भएको तर फूटवल, क्रिकेट र लामो दौडहरु सञ्चालन गर्न नसकिने अवस्था भएको वताए । यसबाट के बुझिन्छ भने ५ वटै उ.मा.वि. हरुले खेलमैदानको समस्या भोगिरहेका छन् । विद्यार्थीहरुलाई पढाइका अतिरिक्त अन्य ज्ञानवर्धक कुराहरु सिक्न के के व्यवस्था छ ? भन्ने प्रश्नको जवाफमा पढाइका अलावा, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, साहित्यिक प्रतियोगिताहरु, मनोरञ्जनात्मक प्रतियोगिताहरु संचालन गर्नुका साथै पढ्ने बानीको विकास गराउन पुस्तकालयको व्यवस्था गरिएको भन्नेमा १२ जना (६०%) ले प्रतिक्रिया दिए भने पुस्तकालय त भएको तर पर्याप्त

पुस्तकहरु  र पत्र-पत्रिकाहरुको व्यवस्था नभएको धारणा पनि राखेको पाइयो । अध्ययन क्षेत्रमा संचालित ५ वटा उ.मा.वि. मध्ये ३ वटामा पर्याप्त पुस्तक सहितको पुस्तकालय भएको तर २ वटा उ.मा.वि. मा पुस्तकालय त भएको तर पर्याप्त पुस्तकहरु नभएको पाइयो ।

यहाँहरुले आफ्नो उ.मा.वि. मा भोग्नुपरेका अन्य केही समस्याहरु पनि छन् कि ? भन्ने सवालमा सहभागि सबैले शिक्षकहरुको दरवन्दिको समस्या, शिक्षकलाई वदलिदो समय अनुसार शिक्षण गर्न पुनरताजगी तालिमको व्यवस्था नभएको, विद्यालयको आम्दानीले शिक्षक तलब भत्ता पनि नपुग्ने भएकाले थप आर्थिक व्यवस्थापनको समस्या, शैक्षिक सामग्रीको अभाव, विज्ञान विषय पढाइ हुने तीनवटा उ.मा.वि. मा सामग्रीयुक्त प्रयोगशालाको समस्या जस्ता धेरै समस्याहरु रहेको प्रतिक्रियाहरु व्यक्त भएको पाइयो । यसका साथै आर्थिक अभावको कारण २० प्रतिशत विद्यार्थीहरु उ.मा.वि. भर्ना हुने तर दैनिक पठन पाठनमा सहभागि नभैदिनाले प्रत्येक उ.मा.वि. को उतिर्ण प्रतिशत कम रहेको धारणा पनि व्यक्त भएको पाइयो । सरकारी अनुदान एकदम कम, विद्यार्थीबाट उठेको शुल्कले शिक्षकहरुको तलब भत्ता पनि खुवाउन नपुग्ने भएकोले आर्थिक व्यवस्थापनको समस्याले आफूहरुलाई सताएको २ जना (१०%) प्राचार्यले प्रतिक्रिया व्यक्त गरेको पाइयो । दैनिक प्रशासन छिटो छरितो र चुस्त बनाउन स्टाफहरुको वीचमा कस्तो सम्बन्ध आवश्यक होला भन्ने प्रश्नको जवाफमा १७ जना (८५%) ले प्रशासनिक प्रमुखले सबैलाई मिलाएर लैजाने समन्वयकारी भूमिका खेल्नुपर्ने, आफ्नो सम्पूर्ण ध्यान दृष्टि संस्थाको भलाईप्रति समर्पित गनुपर्ने । राजनीतिक आस्थाका आधारमा भेदभाव गर्न नहुने, आर्थिक पारदर्शितालाई ध्यान दिनुपर्ने जस्ता प्रतिक्रियाहरु व्यक्त गरेको पाइयो ।

तपाइहरुले पढाइरहेको पाठ्यक्रम अहिलेको समय सान्दर्भिक छ जस्तो लाग्छ ? भन्ने प्रश्नको जवाफमा १८ जना (९०%) ले पाठ्यक्रम समय सान्दर्भिक परिमार्जन भैरहेको तर छिटो वदलिने हुँदा पाठ्यक्रम अनुसारका पाठ्यसामग्रीहरु ग्रामिण क्षेत्रमा पर्याप्त नहुने गरेको प्रतिक्रिया दिएको पाइयो । स्थानिय निकायहरुले गरिरहेको सहयोगका वारेमा राखिएको जिज्ञासाको जवाफमा १४ जना (७०%) ले गा.वि.स. र

जि.वि.स. ले सानातिना आयोजनाहरु (जो ३-४ लाख सम्म ले सम्पन्न हुन्छन्) मात्र संचालन गरिरहेकाले यी निकायबाट त्यति धेरै सहयोगको आशा गर्न नसिकने प्रतिक्रियाहरु व्यक्त गरेको पाइयो ।

निष्कर्ष स्वरुप, उ.मा.वि. का समस्याहरुलाई माथिको प्रतिक्रियाका आधारमा चार भागमा विभाजन गर्न सकिन्छ । जो निम्नानुसार छन् :

- भौतिक समस्याहरु : यस अन्तरगत भवनका समस्याहरु, फर्निचार, खेल मैदान, पुस्तकालय, शौचालय, खानेपानी आदि संग सम्बन्धित समस्याहरु पर्दछन् ।
- शैक्षिक समस्याहरु : यस अन्तरगत शिक्षक तालिम, शिक्षकको योग्यता, शिक्षा संग सम्बन्धित नीति नियमहरु, शैक्षिणिक प्रक्रियाहरु र पाठ्यक्रमका समस्याहरु आदि पर्दछन् ।
- प्रशासनिक समस्याहरु : यस अन्तरगत शिक्षा प्रणाली, प्राचार्यहरुको नेतृत्व विकास सम्बन्धि तालिमको अभाव, उ.मा.वि. को सम्बन्धन संग सम्बन्धित समस्याहरु आदि पर्दछन् ।
- आर्थिक समस्याहरु : आर्थिक अनुदानको कमि, शिक्षकहरुको तलब तथा सेवा सुविधा, छात्रवृत्ति आदि संग सम्बन्धित समस्याहरु यस अन्तरगत पर्दछन् ।

यी समस्याहरुको पहचानले प्राथमिकताको आधारमा समस्या समाधानका उपायहरु खोजी गर्न सहयोग पुऱ्याउदछन् ।

### ४.३.२ उच्च माध्यमिक विद्यालयका समस्या समाधानका उपायहरु

उ.मा.वि. का विभिन्न समस्याहरु छन् । ती समस्याहरु समाधानका लागि के के उपायहरु होलान् भनी छनौटमा परेका उत्तरदाताको अवधारणा संकलन गर्दा उनीहरुको फरक फरक अवधारणाहरु रहेको पाइयो । जसलाई निम्नानुसार विश्लेषण गरी व्याख्या गर्ने प्रयास गरिएको छ । उ.मा.वि. का समस्याहरु समाधानका उपायहरुको वारेमा राखेको जिज्ञासाको आधारमा छनौटमा परेका उत्तरदाताहरुको अवधारणा निम्नानुसारको रहेको पाइयो:

तपाइको आफ्नो क्षेत्रमा संचालित उ.मा.वि. के उपयुक्त ठाउँमा छ ? भन्ने जिज्ञासा राख्दा ८ जना (५३.३३%) ले अतिउपयुक्त ठाउँमा छ, ४ जना (२६.६६%) ले उपयुक्त स्थानमा छ र ३ जना (२०%) ले त्यति उपयुक्त ठाउँमा छैन भन्ने प्रतिक्रिया दिएको पाइयो । अन्तरवार्ताकै क्रममा उ.मा.वि. संचालन गर्दा त्यसको वरिपरि कम्तिमा एउटा मा.वि. हुनुपर्ने, कम्तिमा १००० जनसंख्या हुनुपर्ने, एकान्त स्थल हुनुपर्ने, विद्यालयको भौतिक निर्माण र खेलकुदका लागि पर्याप्त ठाउँ हुनुपर्ने स्थान नै उ.मा.वि. संचालनका लागि उपयुक्त हुने प्रतिक्रिया व्यक्त गरेको पाइयो ।

तपाईले उ.मा.वि. मा छोराछोरी पठाएपछि विद्यालय गए नगएको र पढाईको स्तर सम्बन्धमा जानकारी लिन विद्यालय जानु हुन्छ कि हुदैन ? भन्ने प्रश्नको जवाफमा १२ जना (८०%) ले सधै जान्छु  २ जना (१३.३३%) ले कहिलेकाही जान्छु र १ जना (६.६६%) ले आफ्नै काममा व्यस्त हुने भएकाले विद्यालयको वारेमा केही थाहा नभएको प्रतिक्रिया दिए । छोराछोरीलाई विद्यालयमा पठाएर मात्र अभिभावकको भूमिका पूरा नहुने र छोराछोरीले विद्यालयमा गरेका राम्रा र नराम्रा पक्षहरुको वारेमा विद्यालय गएर प्राचार्य तथा शिक्षकसंग छलफल गर्ने र उनीहरुको कमि कमजोरीहरुलाई सुधार गर्ने प्रयास गर्नुपर्ने जस्ता प्रतिक्रियाहरु प्राप्त भएको पाइयो ।

तपाईलाई उ.मा.वि. को विविध पक्षका वारेमा निर्णय गर्नको लागि बोलाइन्छ वा बोलाइदैन ? भन्ने प्रश्नको जवाफमा १३ जना (८६.६७%) ले सधै बोलाइन्छ र २ जना (१३.३३%) ले कहिले काही बोलाइन्छ भनी प्रतिक्रिया दिएको पाइयो । यसका अतिरिक्त उ.मा.वि. व्य.स. ले विद्यालयका तमाम समस्याहरुको बारेमा सबै अभिभावक, विद्यार्थी, शिक्षक तथा सम्बन्धित निकायहरुसंग समन्वय गरी समाधान गर्ने भुमिका प्रभावकारी ढंगले पूरा गनुपर्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । उ.मा.वि. लाई सुविधा सम्पन्न साधन र श्रोतपूर्ण वनाउनको लागि तपाइले पहल गर्नु भएको छ ? भन्ने प्रश्नावलीको जवाफमा ११ जना (७३.३३%) ले राम्रो गरेका र ४ जना (२६.६७%) ले पहल गरेको छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । उ.मा.शि. कार्यक्रमको प्रभाव जनमानसमा कस्तो परेको छ ? भन्ने प्रश्नको जवाफमा १२ जना (८०%) ले सकारात्मक र ३ जना (२०%) ले केही प्रभाव परेकै छैन भनी प्रतिक्रिया दिएको

पाइयो । त्यसरी नै उ.मा.वि. हरुमा देखिएका तमाम समस्याहरु समाधानका लागि के के गर्न आवश्यक छ भन्ने प्रश्नावलीको जवाफमा उत्तरदाताहरुले दिएको प्रतिक्रियालाई यसरि प्रस्तुत गरिएको छ :

**विद्यालय परिवारको भूमिका**

उ.मा.वि. मा देखिएका समस्याहरु धेरै जसो विद्यालय भित्र बाट नै समाधान गर्न सकिन्छ । विद्यालय परिवार भित्र प्राचार्य, शिक्षकहरु, कर्मचारीहरु, विद्यार्थीहरु र वि.व्य.स. का पदाधिकारीहरु पर्दछन् । यी सबैका वीचमा सुमधुर सम्बन्ध हुन जरुरी छ । आपसि सम्बन्ध र सहयोगको वातावरणले उ.मा.वि. को शैक्षिक वातावरण प्रभावकारी शिक्षणका लागि अनुकूल बनाउँदछ । शिक्षक, विद्यार्थी र वि.व्य.स. वीचको सहयोगी वातावरणले अभिभावकसंगको सम्बन्ध दरिलो भै विद्यालयका भौतिक निर्माण र आर्थिक संकलनमा समेत सकारात्मक भूमिका खेल्ने कुरा अधिकांश उत्तरदाताहरुले व्यक्त गरेको पाइयो ।

**स्थानिय निकायको भूमिका**

उ.मा.वि. हरुमा देखिएका समस्याहरुको समाधानको लागि स्थानिय निकायहरु गा.वि.स., जि.वि.स. को भूमिका महत्वपूर्ण हुन्छ । विद्यालयमा देखिएका भौतिक समस्याहरु जस्तो भवन, वेञ्च, खेलकुद मैदान, खानेपानी, शौचालय आदिका वारेमा देखिएका समस्याहरुलाई सम्बन्धित गा.वि.स. र जि.वि.स. ले आर्थिक अनुदान उपलब्ध गराई समाधान गर्न सक्ने कुरा पनि उत्तरदाताहरुले प्रतिक्रिया स्वरुप व्यक्त गरेको पाइयो ।

**अभिभावकहरुको भूमिका**

उ.मा.वि. को सेवाक्षेत्र भित्र बसोवास गर्ने सबै अभिभावकहरुको उ.मा.वि.का समस्या समाधान गर्नमा ठूलो भूमिका रहन्छ । भौतिक विकासका कार्यहरुमा जनसहभागिता जुटाउन, नियमित शिक्षकहरुलाई प्रोत्साहित गर्न र अनियमित शिक्षकहरुलाई दण्डित गर्न, विद्यार्थीहरुलाई आफ्नो पठनपाठनको काममा एकाग्र हुन

प्रेरीत गर्न र अतिरिक्त क्रियाकलापहरु सुचारु भए, नभएको वारे जानकारी लिई विद्यालय प्रशासनलाई सो कार्य गर्न लगाउनमा अभिभावकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसका साथै उ.मा.वि. का तमाम समस्याहरु समाधानका लागि सम्बन्धित निकायहरुलाई दवाव दिन दवावसमूहको कार्य गर्नमा पनि अभिभावकहरुको ठूलो भूमिका रहन्छ । जसले गर्दा उ.मा.वि. का समस्याहरु समाधानमा सकारात्मक प्रभाव पर्ने प्रतिक्रिया व्यक्त भएको पाइयो ।

## सरकारी निकायहरुको भूमिका

उ.मा.वि. तहमा देखिएका सम्पूर्ण समस्याहरुको हल गर्ने जिम्मेवारी सरकारी निकायहरुको हो। शिक्षा क्षेत्रसंग सम्बन्धित सरकारी निकाय भन्नाले जि.शि.का, क्षे.शि.नि., शिक्षा विभाग, उच्च माध्यमकि शिक्षा परिषद र शिक्षा मन्त्रालयलाई बुझिन्छ । तल्लो तहको सरकारी निकाय भन्नाले जि.शि.का लाई चिनिन्छ । यसले आफ्नो जिल्ला भित्र सञ्चालित उ.मा.वि. हरुको रेखदेख तथा नियन्त्रण गर्ने गर्दछ । अर्कोतिर शिक्षा मन्त्रालयले देशको शिक्षा क्षेत्रको केन्द्रिय निकायको भूमिका खेल्दछ । यसले देशको शिक्षा नीति, शिक्षामा गरिने लगानीलाई योजनावद्ध ढंगले परिचालन, वैदेशिक सहयोगको लागि व्यवस्थापन जस्ता महत्वपूर्ण कार्यहरु गर्ने गर्दछ । शिक्षकहरुको वृत्ति विकास, शिक्षकहरुका लागि तालिमको व्यवस्था, समय सान्दर्भिक पाठ्यक्रमको निर्माण, समय अनुसार आवश्यक शैक्षिक ऐन, कानूनको निर्माण, विद्यालयका भौतिक निर्माणका कार्यहरुका लागि आवश्यक रकमको व्यवस्था गर्ने जिम्मा सरकारी निकायहरुको हुन्छ । यसका अतिरिक्त त्रि.वि.वि. बाट प्रविणता प्रमाण पत्र तह विस्थापित भैसकेको अवस्थामा उ.मा.वि. हरु पनि विद्यालय संरचना भित्र आइसकेको देखिन्छ । तर यसलाई अनुगमन, निरिक्षण गर्ने कार्य उ.मा.शि. प. ले गर्ने गर्दछ भने अन्य विद्यालयहरुको अनुगमन, निरिक्षण शिक्षा विभाग मातहतका कार्यालयहरुबाट भैरहेको छ । यो दोहोरो निकायको भूमिकाको वीचमा जुन अन्यौल देखिएको छ त्यसलाई तुरुन्त अन्त्य गरिदा उ.मा.वि. का समस्याहरु समाधान हुने प्रतिक्रिया व्यक्त भएको पाइयो ।

## परिच्छेद पाँच

# प्राप्ती, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ती

यो अध्ययन सल्यान जिल्लाका पाँचवटा गा.वि.स. का पाँचवटा उच्च माध्यमिक विद्यालयमा कार्यरत पाँचजना प्राचार्यहरु, १५ जना शिक्षकहरु, ४० जना विद्यार्थीहरु र १५ जना उच्च माध्यमीक विद्यालय व्यवस्थापन समितिका सदस्यहरु माथि गरिएको थियो । उक्त अध्ययनबाट संकलित सूचना एवं तथ्याङ्कको विश्लेषणको आधारमा निम्नानुसार प्राप्तीहरु निकालिएको छ ।

- अध्ययनका लागि छनौट गरिएका ५ वटा उ.मा.वि. हरु मध्ये ४ वटा उ.मा.वि. मा कच्चि भवन भएको, एउटा उ.मा.वि. मा मात्रै ४ वटा पक्कि भवन भएको, विद्यार्थीहरुका लागि कक्षा कोठा र फर्निचर भने पर्याप्त रहेको पाइयो ।
- तीनवटा उ.मा.वि. हरुमा पुस्तकालयको अवस्था सन्तोषजनक भएको पाइयो भने दुई वटा उ.मा.वि.मा पुस्तकालय भएपनि आवश्यक कितावहरु र पत्रपत्रिका नभएको पाइयो ।
- शौचालय ५ वटै उ.मा.वि. हरुमा शिक्षकहरु र विद्यार्थीहरुका लागि पर्याप्त भएको पाइयो भने खेल मैदान तीन वटा उ.मा.वि.मा मात्र पर्याप्त भएको र २ वटा उ.मा.वि. मा अपर्याप्त भएको पाइयो ।
- सबै उ.मा.वि. हरु १-१२ कक्षा सम्मको संरचनाका आधारमा चलेको पाइयो भने शुल्क निर्धारण गर्ने काम उ.मा.वि. व्य.स. ले गरेको पाइयो ।
- हरेक उ.मा.वि. मा संख्यात्मक रुपमा र वढिरहेको भर्नादरका आधारमा विद्यार्थीसंख्या र भर्नादर सन्तोष जनक ढंगले बढिरहेको पाइयो भने केटाहरुको तुलनामा केटीहरुको संख्या तथा भर्नादर कमै रहेको पाइयो ।
- सबै उ.मा.वि. हरुमा पूर्णवेतन शिक्षकहरु भन्दा आंशिक वेतन शिक्षकहरुको संख्या वढि भएको पाइयो भने हरेक उ.मा.वि. हरुमा योग्यता पुगेका शिक्षकहरु भन्दा योग्यता नपुगेका शिक्षकहरुको संख्या कम भएको पाइयो ।

- तालिम प्राप्त शिक्षकहरुको संख्या भन्दा तालिम अप्राप्त शिक्षकहरुको संख्या कम भएको पाइयो भने कुनै पनि उ.मा.वि. मा महिला शिक्षक भएको पाइएन ।
- विद्यार्थीबाट प्राप्त हुने शुल्क, सरकारी निकायबाट प्राप्त हुने अनुदान र अन्य श्रोतबाट प्राप्त हुने आम्दानीलाई आधार मान्दा तीन वटा उ.मा.वि. हरु केही वचतको अवस्थामा रहेका र २ वटा उ.मा.वि.हरु शिक्षकहरुलाई तलव खुवाउन समेत नसक्ने अवस्थामा रहेको पाइयो ।
- सवै उ.मा.वि. मा विद्यार्थीहरुको उतीर्ण प्रतिशत प्रत्येक वर्ष वढेको पाइयो भने यसैमा सिमित भएर सन्तोष मान्ने अवस्था नभएको पाइयो ।
- उच्च माध्यमिक शिक्षाालाई विद्यालय तह र विश्वविद्यालय तह वीचको पुलको रुपमा लिएको पाइयो भने यसले विद्यार्थीहरुलाई विशेष खालको ज्ञान, सीप प्रदानगरी जीवन पद्धतिमा सुधार गर्न र समायानुकूल अगाडि वढ्न सहयोग गर्ने रुपमा लिएको पाइयो ।
- कम आर्थिक भारमा ग्रामिण क्षेत्रहरुमै शिक्षा प्राप्त गर्ने अधिकांश नेपालीहरुको चाहनालाई यी विद्यालयहरुले पूरा गरिरहेको पाइयो ।
- १७/१८ वर्षको कलिलो उमेरमा घरबाट टाढा बस्दा विभिन्न प्रकारका गलत साथीहरुको संगतले विकृतितिर डोऱ्याउने जुन सम्भावना हो त्यसबाट वच्न उ.मा.वि. को गाउँ गाउँमा स्थापनाले सहयोग गरेको पाइयो ।
- उ.मा.वि. हरुले प्रदान गर्ने छात्रवृत्ति आर्थिक अवस्था कमजोर भई पढाइ छुटाउन वाध्य हुने खालका कमजोर आर्थिक अवस्था भएका, दुर्गम तथा विपन्न वर्गमा रहेका र सामाजिक रुपले पछि परेका छात्र छात्राहरुलाई प्रदान गरिनु पर्ने सुझाव दिएको पाइयो ।
- पाँचवटै उ.मा.वि.हरु मा.वि.को भवनमा संचालन गर्नुपर्ने वाध्यता भएकोले विहानको समयमा कक्षा संचालन गरिएको पाइयो ।
- उ.मा.वि. हरुको विकास र विस्तारका लागि नीतिगत अन्यौलता रहेको पाइयो ।
- उ.मा.वि. हरुमा कार्यरत शिक्षकहरुलाई तालिम र प्रशिक्षणको प्रभावकारी व्यवस्था गरिएको पाइएन ।

- शुल्क निर्धारण गर्दा आफ्नो विद्यालयको आर्थिक अवस्थालाई ध्यान दिएर उ.मा.वि.व्य.स. ले नै गर्ने गरेकोले प्रत्येक उ.मा.वि.मा फरक फरक शुल्क उठाउने गरेको पाइयो ।
- सबै उ.मा.वि. हरुमा उ.मा.शि.प.ले तोके वमोजिमका पाठ्यपुस्तकहरु पर्याप्त मात्रामा उपलब्ध नभएको पाइयो ।
- दुर्गम, ग्रामिण र शहर जस्ता क्षेत्रमा उ.मा.वि. सञ्चालनको सम्बन्धन दिँदा एउटै, नियम प्रयोग गर्दा अव्यवहारिकका साथै पक्षपातपूर्ण हुन जान्छ र दुर्गम तथा विकट ग्रमिण क्षेत्रमा ज्यादै गाह्रो हुने गरेको पाइयो ।
- पाँचवटै उ.मा.वि. हरुमा सरकारी निकायबाट प्राप्त हुने अनुदान ज्यादै कम भएको पाइयो । जसले गर्दा गुणस्तरिय शिक्षा प्रदान गर्ने कार्यमा निकै चुनौति उत्पन्न भएको देखियो ।

## ५.२ निष्कर्ष

शिक्षाको विकास बिना मुलुकको उन्नति नहुने कुरा स्थापित भैसकेको छ । शिक्षाले मानविय विकासका नवीनतम् आयामहरुलाई थप सुदृढिकरण गरी उर्जाशील, गतिशिल र गुणस्तरयुक्त जीवनयापनमा सघाउ पुऱ्याउने कुरामा शंका छैन । विकासको केन्द्रविन्दु जनता भए जस्तै शिक्षाको केन्द्रविन्दु विद्यार्थीलाई मान्ने गरिन्छ । विद्यार्थीको वर्तमान जीवनलाई सुन्दर वनाउन आवश्यक पर्ने ज्ञान, सीप र अनुभवलाई शिक्षाले समेट्नु पर्ने हुन्छ । शिक्षाले आय आर्जनका सम्भावनालाई प्रस्फुटन गर्ने र नवीनतम सीपको प्रयोगका दायराहरुलाई थप प्रवर्द्धन गर्न सक्नु पर्दछ । यस आवश्यक्तालाई महसुस गरी उ.मा.शि.प. ले शिक्षालाई समतामुलक बनाउने, सहभागितात्मक वनाउने र विद्यार्थीको बाल मनोविज्ञान अनुरुपको शिक्षणकला प्रयोग गरी सामाजिक आवश्यक्ता पूर्तिका लागि विभिन्न शैक्षिक प्रयासहरु गर्दै आएको देखिन्छ । कुनै पनि क्षेत्र वा कार्यक्रमका वारेमा जति सुकै प्रयासहरु गरेपनि ती क्षेत्र वा कार्यक्रमहरु समस्यामुक्त भने हुदैनन् ।

ग्रामिण क्षेत्रमा संचालित उ.मा.वि. हरुमा सरकारी अनुदानको कमि र त्यस ठाउँका अभिभावकहरुको कमजोर आर्थिक अवस्थाका कारण पर्याप्त चन्दा संकलन हुन नसक्ने भएकोले भौतिक सुविधाहरु पर्याप्त भएको पाइएन ।

कुनैपनि शैक्षिक संस्थामा गरिएको लगानीको प्रतिफलको तुलना विद्यार्थीहरुले हासिल गरेको शैक्षिक उपलब्धिसंग गरिन्छ । शैक्षिक उपलब्धिको विषय शैक्षिक क्रियाकलाप, शिक्षकको शैक्षिक योग्यता, तालिम, समय सान्दर्भिक पाठ्यक्रम, परीक्षा प्रणाली र शिक्षकको सेवा सुविधासंग जोडिएको पाइन्छ । अध्ययन गरिएको क्षेत्रमा यी सबै पक्षहरुप्रति सरोकारवाला निकायहरुको पर्याप्त ध्यान जान नसकेकाले शैक्षिक समस्याहरु उब्जिएको पाइन्छ ।

विद्यालयको वातावरणले विद्यार्थीको सफलता वा असफलता मा प्रभाव पार्दछ । वातावरण अनुकूल वनाउने जिम्मा भनेको उ.मा.वि. का प्रमुखहरुको हुने गर्दछ । उ.मा.वि. का प्रमुख नै प्रशासनिक प्रमुख हुन् । प्रशासनिक प्रमुखहरु राजनीतिमुक्त हुनुपर्दछ । जसले सबैसंग समन्वयकारी भूमिका निभाउदै संस्थागत हितको पक्षमा काम गर्न सक्छ । यसका साथै सरकारी नीति, नियमहरु, नियमित विद्यालय संचालन, निरिक्षण, सम्बन्धन प्रदान गर्ने निति नियमहरु प्रशासनिक पक्ष अन्तरगत पर्दछन् । यी सबै भूमिकाहरु कार्यान्वयनको सन्दर्भमा सफल नभएकाले नै प्रशासनिक समस्या खडा भएको देखिन्छ ।

हरेक उ.मा.वि. लाई आर्थिक समस्याले सतायको पाइन्छ । यस अन्तरगत सरकारी अनुदान र कम, विद्यार्थीहरुबाट उठाइएको शुल्क, अभिभावकले प्रदान गरेको चन्दा रकम र स्थानिय निकायहरु वा अन्य संघ संस्थाले प्रदान गरेका सेवा सुविधाहरु पर्दछन् । ग्रामिण क्षेत्रमा सरकारी अनुदान र विद्यार्थीशुल्क वाहेक अन्य शिर्षकहरुबाट आम्दानी हुने सम्भावना कम हुने भएकाले उ.मा.वि. हरुले आर्थिक संकटको सामना गर्नु परिरहेको देखिन्छ ।

यी माथि उल्लेखित मुख्य समस्याहरु नै उ.मा.वि. का जल्दाबल्दा समस्या हुन् । यी समस्याहरु समाधानका लागि विद्यालयको मात्र प्रयासले सम्भव हुदैन । यसका

लागि उ.मा.वि. संग सम्बन्धित सबै पक्षहरु जस्तै उ.मा.वि. परिवार, अभिभावक, स्थानिय निकाय, एवं संघसंस्थाहरु र सरकारी निकायहरु सबैले समन्वयात्मक ढंगले नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गरेमा समाधान संभव देखिन्छ ।

छात्रहरुको तुलनामा छात्राहरुको संख्या भने कमै रहेको देखिन्छ । यसबाट छोरीलाई पढाउन अझै पनि अप्ठ्यारो अनुभूति गर्ने संस्कार कायम रहेको देखिन्छ । पूर्णकालिन शिक्षकको तुलनामा आंशिक वेतनमा काम गर्ने शिक्षकहरुको संख्यामा वृद्धि भएको पाइन्छ भने योग्यता पुगेका शिक्षकहरु भन्दा योग्यता नपुगेका शिक्षकहरुको संख्या कमै भएको पाइन्छ ।

आर्थिक श्रोतको अभावको कारण पढाइलाई विचमै छाड्ने समस्यालाई गाउँगाउँमा स्थापित उ.मा.वि. हरुले हटाउने प्रयत्न गरेको देखिन्छ । घरमै वसेर उ.मा.वि. तहको पढाई पूरा गर्न पाउँदा सबै विद्यार्थीहरुले खुसिको अनुभव गरिरहेको पाइन्छ । जुन सिकाइको लागि राम्रो पक्ष हो । कलिलै उमेरमा घरबाट टाढा बस्दा अभिभावक विहिनताको अनुभव हुने र गलत साथीहरुको संगत भएमा आफ्नो जीवन वर्वाद हुने जुन अवस्था हो त्यसबाट ग्रामिण क्षेत्रमा सञ्चालित उ.मा.वि. ले वचाएको देखिन्छ । उ.मा.शि. प्राप्त गरेका व्यक्तिहरुको व्यवहारमा कर्तव्यप्रति सचेत हुने झलक देखिएको पाइन्छ । उ.मा.वि. अध्ययन पश्चात विद्यार्थीहरुमा विशेष खालको ज्ञान, सीप को अभिवृद्धि भै जीवन पद्धतिमा सुधार हुने अपेक्षा रहेको पाइन्छ । उ.मा.वि. छात्रवृत्ति कार्यक्रमले विपन्न, अति पिछडिएका र सामाजिक रुपमा पछाडि परेका व्यक्तिहरुका छोराछोरहिरुलाई समान र सहज पहुँचको अवस्था श्रृजना गरी सामाजिक न्याय प्रदान गरेको देखिन्छ । यसबाट उ.मा.शि. कार्यक्रमको प्रभावकारितालाई थप पुष्टि गर्दछ ।

ग्रामिण क्षेत्रमा सञ्चालित उ.मा.वि. हरुमा जनताहरुको सहभागिता र अपनत्वको विकासमा सकारात्मक प्रभावहरु देखिएको पाइन्छ । अभिभावकहरु आफ्नो वालवालिकाको पढाइको स्तर वारे जानकारी लिन विद्यालयमा गै प्राचार्य तथा सम्बन्धित विषय शिक्षकहरुसंग छलफल, परामर्श गर्नुले यस कुराको पुष्टि गर्दछ । अर्को तर्फ उ.मा.वि. व्य.स. को वैठकहरुमा सहभागिहरु सवैलाई कुनै पनि विषयमा

आफ्नो विचार व्यक्त गर्ने अवसर प्रदान गर्ने प्रकृयाले तल्लो तहसम्म प्रजातन्त्रिक संस्कार स्थापित भएको देखिन्छ । यी कारणहरुले उ.मा.शि. कार्यक्रमको प्रभावकारिता वढिरहेको देखिन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनको प्राप्ती र निष्कर्षका आधारमा निम्न प्रकारका सुझावहरु प्रस्तुत गरिएको छः

- उ.मा.वि. लाई मा.वि. संरचनामा ल्याउने नीति अनुरुप एकिकृत व्यवस्थापन हुन अति जरुरी देखिन्छ । जसको आधारमा मा.वि. र उ.मा.वि. लाई व्यवस्थित गर्न सजिलो पर्दछ ।
- सामुदायिक उ.मा.वि. का लागि आवश्यक आर्थिक भार पूर्णरुपले सरकारले व्यहोर्नुपर्दछ । सरकारी लगानी अनुरुपको प्रतिफल नआए अनुदान रोक्का र सम्बन्धन खारेजी सम्मको कार्यवाही गर्ने नीति वनाइनु पर्दछ ।
- प्रत्येक निर्वाचन क्षेत्रमा एउटा अग्रणी उ.मा.वि. को स्थापना गर्ने व्यवस्था गर्नुपर्दछ र सोही विद्यालयलाई आधार बनाई सामुदायिक उ.मा.वि. हरुको भौतिक, आर्थिक तथा त्यस क्षेत्रको वस्तुस्थितिको अध्ययन गरी सक्षम विद्यालयलाई उ.मा.शि. कार्यक्रम सञ्चालन गर्न अनुमति दिनुपर्दछ ।
- शिक्षक तथा कर्मचारिको लागि प्रशिक्षणको व्यवस्था हुनुपर्दछ । उ.मा.वि. मा कार्यरत शिक्षकहरुको लागि सेवाकालिन तालिमका साथै पुनर्ताजगी तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ । प्रशासकिय कर्मचारीलाई पनि प्रशासन सम्बन्धि तालिम समय समयमा व्यवस्था गरिनुपर्दछ ।
- शुल्क निर्धारणका लागि निश्चित आधार वा मापदण्ड तय गरिनुपर्दछ । त्यस्ता मापदण्डमा विद्यालयले विद्यार्थीहरुलाई प्रदान गर्ने सेवा सुविधाहरुको आधार समावेस गरिनुपर्दछ ।
- आगामी दिनहरुमा उ.मा.वि. कक्षा संचालनका लागि सम्बन्धन दिँदा नक्साङ्कनको आधारमा मात्रै दिनुपर्दछ । मनपरी ढंगले सम्बन्धन दिने जुन नीति छ त्यसलाई वन्द गरिनु पर्दछ ।

- जनसहभागितालाई प्रोत्साहन गर्ने नीति, नियम बनाई उ.मा.शि. प्रति अभिभावकहरुलाई आकर्षित गराउनुपर्दछ । यसका लागि उ.मा.शि. कार्यक्रमलाई राजनीतिक परिवर्तनबाट असर नपर्ने व्यवस्था गरिनुपर्दछ ।
- उ.मा.शि. कार्यक्रम सञ्चालनको लागि सम्बन्धन दिदा शहरी, ग्रामिण र दुर्गम क्षेत्र मा एउटै नियम अवलम्बन गर्नु न्यायोचित नहुने भएकाले ३ वटै क्षेत्रलाई अलग अलग गरी सम्बन्धनका सर्तहरु तय गर्नुपर्दछ र कडाइका साथ लागू गर्नुपर्दछ ।
- ग्रामिण तथा दुर्गम क्षेत्रमा उ.मा.शि. कार्यक्रम सरकारले सञ्चालन गर्नुपर्दछ । त्यसका लागि अवाश्यक पर्ने सम्पूर्ण व्ययभार सरकारले नै व्यहोर्नुपर्दछ ।
- ग्रामिण तथा दुर्गम क्षेत्रमा योग्य शिक्षकलाई आकर्षण गर्न विशेष तलबमान र सेवा सुविधाको व्यवस्था गरिनुपर्दछ ।
- सामुदायिक उ.मा.वि. का शिक्षक तथा कर्मचारीको नियुक्ति, तलव भत्ता, सेवा सुविधा, पदोन्नती, सञ्चयकोष, निवृत्तिभरण र उपदान स्पष्ट किटान हुनुपर्दछ । जसले गर्दा उ.मा.वि.हरु योग्य शिक्षकहरुका लागि पनि आकर्षणका केन्द्र हुनजान्छन् ।
- शिक्षण सिकाइमा आउने समास्याहरुको समाधान र सुधारात्मक शिक्षण गर्न सहयोग पुऱ्याउन नियमित विद्यालय निरीक्षण प्रणालीको व्यवस्था हुनपर्दछ । निरिक्षकको योग्यता कम्तिमा स्नातकोत्तर भएको हुनुपर्दछ ।
- उ.मा.वि. को लागि विषयको छनौट तथा स्विकृति गर्दा स्थानिय आवश्यक्ता परिपूर्ति गर्ने व्यावसायिक विषयहरुलाई ध्यान दिनु पर्दछ । सिफारिस गरिएका पाठ्यपुस्तक र सन्दर्भसामग्रीहरु सर्वसुलभ र समयमा नै उपलब्ध हुने व्यवस्था गरिनुपर्दछ ।
- सामाजिक तथा आर्थिक दृष्टिले पछि परेका छात्र छात्राहरुलाई विशेष सुविधा जस्तै छात्रवृत्ति र निःशुल्क अध्ययन वृत्तिको व्यवस्था गर्न सरकारी पहलमा प्रत्येक विद्यालयमा एउटा कोष अनिवार्य हुनुपर्दछ । उक्त कोषमा विद्यालयको कूल वार्षिक आयको केही प्रतिशत र सरकारले प्रदान गरेको रकमको आधारमा सुविधा प्रदान गरिनुपर्दछ ।

- शैक्षिक निकायहरुबीच समन्वय हुन अति जरुरी देखिनछ । जस अन्तरगत त्रि.वि., उ.मा.शि.प., शिक्षा मन्त्रालय र यससंग सम्बन्धित प्रशासनिक अंगहरु क्षे.शि.नि., जि.शि.का. आदिलाई संलग्न वनाई उ.मा.शि. कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।
- उ.मा.शि. लाई अझ प्रभावकारी एवं समुन्नत वनाउनका साथै यसमा देखा परेका समस्याहरुको समाधान र आउने दिनहरुमा यसलाई अझ सफल कार्यन्वयन गर्नको लागि भौतिक, शैक्षिक, प्रशासनिक र आर्थिक पक्ष आदि सबैलाई छुट्टाछुट्टै रुपमा केन्द्रिय स्तरबाट अध्ययन अनुसन्धान गरी समयसापेक्ष बनाउन जरुरी देखिन्छ ।

# सन्दर्भ सामग्रीहरु

शिक्षा मन्त्रालय (२०४६), **उच्च माध्यमिक शिक्षा ऐन,** काठमाडौंः मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय (२०४९), **राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,** काठमाडौंः मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय (२०५५), **उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग,** काठमाडौंः मकालु प्रकाशन गृह ।

वाग्ले, डा. मनप्रसाद र कार्की, उपेन्द्र कुमार (२०५३), **शिक्षाको आधार,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरन्जिवि (२०६२), **शिक्षाको आधार,** काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौंः स्टुडेन्टस वुक्स पब्लिसर्स एण्ड डिष्ट्रियुटर्स ।

शिक्षा मन्त्रालय (२०६६), **विद्यालय क्षेत्र सुधार योजना,** काठमाडौं ।

उ.मा.शि.प. (२०६५), **पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका,** सानोठिमी, पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा, उच्च माध्यामिक शिक्षा परिषद, भक्तपुर ।

शिक्षा मन्त्रालय (२०६४), **दोस्रो उच्च शिक्षा परियोजना कार्यप्रणाली निर्देशिका,** काठमाडौं ।

उ.मा.शि.प. (२०६४), **उच्च माध्यमकि शिक्षा परिषदका गतिविधि सम्बन्धि सम्प्रेषण,** वर्ष १३ अंक २३, भक्तपुरः सानोठिमी ।

उ.मा.शि.प. (२०६७), **उच्च माध्यमकि शिक्षाा परिषदका गतिविधि सम्बन्धि सम्प्रेषण,** वर्ष १३, अंक २३, भक्तपुरः सानोठिमी ।

सापकोटा, इन्द्रनारायण (२०६३), **झापा जिल्लाका उच्च माध्यमिक विद्यालयहरुको शैक्षिक स्थितिः एक अध्ययन,** अप्रकाशित शोधप्रतिवेदन, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

## अनुसूचि १

## प्राचार्य र शिक्षकहरुका लागि खुल्ला अन्तवार्ता प्रश्नावली

प्राचार्य/शिक्षकको नामः मिति :

विद्यालयको नाम : ठेगाना :

१. यहाँको परिचय पाउन सकिन्छ कि ?

२. यो उ.मा.वि. मा कति समयदेखि काम गर्दै आउनु भएको छ ?

३. तपाइको विद्यालयमा विद्यार्थीको लागि कक्षाकोठा पर्याप्त छन् ? छैनन् भने किन ?

४. कक्षा कोठा भित्र विद्यार्थी वस्नलाई कस्तो व्यवस्था गर्नु भएको छ ?

५. विद्यार्थीहरुलाई कक्षाकोठा भित्र बसेर कक्षा क्रियाकलाप गर्ने सुविधाजनक व्यवस्था छ ?

६. तपाईको कक्षामा शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीहरु सन्तुष्ट भएको पाउनु हुन्छ ? पाउनु हुन्न भने किन ?

७. यहाँको कक्षामा विद्यार्थीहरुले प्रतिप्रश्न गर्छन या गर्दैनन् ?

८. विद्यार्थीहरुलाई रमाइलो वातावरणमा शिक्षण गर्न शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ वा हुदैन ?

९. शैक्षिक सामग्री निर्माणमा विद्यालय परिवार, विद्यार्थी वा अन्य कुनै निकायको सहयोग पाउनुभएको छ ?

१०. शिक्षक तालिमले शिक्षण सिकाई क्रियाकलापमा कस्तो सहयोग पुर्‍याउछ जस्तो लाग्छ ?

११. तपाईको उ.मा.वि. मा सबै शिक्षकहरु तालिम प्राप्त हुनुहुन्छ ?

१२. तालिम नलिई शिक्षण पेशामा संलग्न हुनुमा कसको कमजोरी ठान्नुहुन्छ ?

१३. तपाईलाई विद्यालयले पर्याप्त सेवा सुविधा उपलब्ध गराएको छ ? छैन भने किन ?

१४. विद्यालय प्रमुखको हैसियतले यहाँले शिक्षक, विद्यार्थी, अभिभावकसंगको सम्बन्ध दरिलो वनाउन के गर्नु भएको छ ?

१५. विद्यालयका दैनिक कार्यहरुमा शिक्षकहरुलाई सहयोगी, आफू मातहतको व्यक्ति वा बाटो देखाउने व्यक्ति के का रुपमा लिने गर्नुहुन्छ ?

१६. आर्थिक हिसाकिताव पारदर्शि वा गोप्य कुन ढंगले राख्ने गर्नुहुन्छ ?

१७. यहाँले आफ्नो विद्यालयमा राजनीतिक परिवर्तनको प्रभाव पर्न दिनु हुन्छ वा हुदैन ?

१८. तपाइको विद्यालयले विद्यार्थीहरुलाई पठनपाठन वाहेक अरु के के सुविधाहरु दिएको छ ? यदि छैन भने किन ?

# अनुसूचि २

## विद्यार्थीहरुका लागि खुल्ला अन्तवार्ता प्रश्नावली

उत्तरदाताको नामः मिति :

विद्यालयको नाम : छात्र संख्या :

ठेगाना : छात्रा संख्या

कक्षा :

१. यहाँको परिचय पाउन ?

२. तपाइको विचारमा उ.मा.शि. लाई कसरि अर्थ्याउनु हुन्छ ?

३. उ.मा.शि. प्राप्त गरिसकेपछि यसले तपाईलाई कस्तो सहयोग पुऱ्याउनु पर्दछ ?

४. उ.मा.शि. को वर्तमान पाठ्यक्रमले तपाइले अपेक्षा गरे अनुसारको लक्ष्य प्राप्तीमा सहयोग पुऱ्याउला जस्तो लाग्छ ?

५. तपाईलाई विद्यालय वातावरणबाट पुनः विद्यालय वातावरणमा अध्ययन गर्न राम्रो लाग्छ ?

६. तपाईले अध्ययन गर्ने पाठ्यपुस्तकका पाठ्यवस्तु यदि गाह्रो छन् भने यसको कारण के हुन सकछ ?

७. तपाईले विद्यालय र उ.मा.वि. बीचको शिक्षकहरुको शिक्षण गर्ने तरिकामा फरक पाउनु भयो ? यदि फरक पाउनु भयो भने के मा पाउनु भयो ?

८. उ.मा.वि. मा ऐच्छिक विषय छनौट गर्दा के को आधारमा गर्नु भयो ?

९. तपाईलाई आवश्क पर्ने पाठ्यपुस्तकहरु वजारमा उपलब्ध छन् ?

१०. तपाईसंग पर्याप्त पाठ्यपुस्तक नहुनाको कारण के के होलान् ?

११. तपाइले अध्ययन गर्ने उ.मा.वि. मा पुस्तकालयको अवस्था कस्तो छ ?

१२. तपाईको अध्ययनको लक्ष्य पूरा गर्न सवभन्दा वढि कसको भूमिका हुन्छ जस्तो लाग्छ ?

१३. तपाई अध्ययनरत रहनु भएको उ.मा.वि. ले आर्थिक विपन्न वर्गमा रहेका विद्यार्थीहरुलाई कस्तो सुविधा दिएको छ ?

१४. निःशुल्क वृत्ति वा छात्रवृत्तिको सुविधा कस्ता छात्र छात्रालाई प्रदान गर्दा उ.मा.शि. कार्यक्रमप्रति विद्यार्थीहरु आकर्षित होलान ?

१५. तपाइको विचारमा उ.मा.शि. लाई प्रभावकारी वनाउनका लागि कुन कुराको आवशयक्ता पर्दछ ?

## अनुसूचि ३

## उ.मा.वि. व्य.स.का सदस्यहरुको लागि खुल्ला अन्तवार्ता प्रश्नावली

उत्तरदाताको नामः मिति :

विद्यालयको नाम : पदः

ठेगाना :

१. तपाइको आफ्नो क्षेत्रमा सञ्चालन भएको उ.मा.वि. के उपयुक्त ठाउँमा छ ?

२. तपाइको छोराछोरी नियमित रुपले उ.मा.वि. मा जाने गर्दछन् ?

३. छोराछोरी उ.मा.वि. मा पठाएपछि विद्यालय गए नगएको र पठाइको स्तर सम्बन्धमा जानकारी लिन विद्यालय जानुहुन्छ ?

४. तपाईलाई उ.मा.वि. को विविध पक्षहरुको वारेमा निर्णय गर्नका लागि बोलाइन्छ कि बोलाइदैन ।

५. तपाईलाई उ.मा.वि. को वैठकमा स्पष्टसंग आफ्नो विचार व्यक्त गर्ने अवसर दिइन्छ ?

६. उ.मा.वि. लाई सुविधा सम्पन्न, साधन र श्रोतले पूर्ण वनाउनको लागि के के गर्नुपर्दछ ?

७. उ.मा.वि. व्य.स. को वैठक वर्षमा कतिपटक बस्छ ?

८. उ.मा.शि. प्राप्त गरेका व्यक्तिहरुको व्यवहारमा कस्तो परिवर्तन आएको देख्नु भएको छ ?

९. उ.मा.शि. आर्थिक स्थिति कमजोर हुने सामान्य जनताको पहुचमा छ वा छैन ?

१०. उ.मा.वि. को प्रभाव जनमानसमा कस्तो परेको छ ?

११. तपाईको विचारमा उ.मा.शि. को शुल्क कस्तो लाग्छ ? यदि महङ्गो छ भने किन ?

१२. उ.मा.वि. हरुले सामाजिक तथा आर्थिक दृष्टिले पछि परेका छात्र छात्राहरुलाई के कस्तो सुविधा उपलब्ध गराएको छ ?

१३. ग्रामिण तथा दुर्गम क्षेत्रमा उ.मा.वि. लाई सर्वसुलभ र सामान्य जनताको पहुच भित्र पार्न के के गर्नु पर्दछ ?

१४. विद्यालय, स्थानिय निकाय, सरकारी शैक्षिक निकाय मध्ये उ.मा.वि. का समस्या समाधानमा कसको भूमिका वढि हुन्छ होला ?

१५. उ.मा.वि. लाई व्यवस्थित र प्रभावकारी वनाउन तपाईको सुझाव ।

# अनुसूचि ४

## उ.मा.वि. तहमा विद्यार्थी विवरण

| क.सं. | विद्यालयको नाम | साल | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2065 | | | 2066 | | | | 2067 | | | |
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | % | केटा | केटी | जम्मा | % |
| 1 | जन ज्योति उ.मा.वि. | 130 | 70 | 200 | 170 | 90 | 260 | 30 | 185 | 105 | 290 | 11=56 |
| 2 | सूर्यौदय उ.मा.वि. | 55 | 30 | 85 | 75 | 40 | 115 | 35=29 | 82 | 50 | 132 | 14=78 |
| 3 | जनता उ.मा.वि. | 110 | 70 | 180 | 155 | 80 | 235 | 30=55 | 175 | 95 | 270 | 35 |
| 4 | सरस्वती उ.मा.वि. | 65 | 55 | 120 | 90 | 75 | 165 | 33=33 | 105 | 90 | 195 | 18=18 |
| 5 | जनकल्याण उ.मा.वि. | 310 | 240 | 550 | 415 | 30 | 720 | 30=90 | 456 | 422 | 878 | 21=94 |

# अनुसूचि ५

## कक्षा ११ को विद्यार्थी भर्ना संख्या

| क्रि.सं. | विद्यालयको नाम | विद्यार्थी भर्ना वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2065 | | | 2066 | | | | 2067 | | | |
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | % | केटा | केटी | जम्मा | % |
| 1 | जन ज्योति उ.मा.वि. | 80 | 40 | 120 | 90 | 50 | 140 | 16=66 | 95 | 55 | 150 | 7=14 |
| 2 | सूर्योदय उ.मा.वि. | 35 | 15 | 50 | 40 | 25 | 65 | 30 | 42 | 25 | 67 | 3=07 |
| 3 | जनता उ.मा.वि. | 70 | 35 | 105 | 85 | 45 | 130 | 23=80 | 90 | 50 | 140 | 7=69 |
| 4 | सरस्वती उ.मा.वि. | 40 | 30 | 70 | 50 | 45 | 95 | 35=71 | 55 | 45 | 100 | 5=26 |
| 5 | जनकल्याण उ.मा.वि. | 200 | 150 | 350 | 215 | 155 | 370 | 5=71 | 241 | 267 | 508 | 37=29 |

## अनुसूचि ६

## उ.मा.वि. मा कक्षा ११ को वार्षिक परक्षािको उतीर्ण संख्या र प्रतिशत

| क्र.सं. | उ.मा.वि. को नाम | २०६५ को विद्यार्थी विवरण | | | | | | | २०६६ को विद्यार्थी विवरण | | | | | | | २०६७ को विद्यार्थी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सहभागी | | | उतीर्ण | | | % | परीक्षामा सहभागी | | | उतीर्ण | | | % | परीक्षामा सहभागी | | | उतीर्ण | | | % |
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | |
| 1 | जन ज्योति उ.मा.वि. | 81 | 56 | 137 | 31 | 17 | 48 | 35=04 | 75 | 46 | 121 | 25 | 20 | 45 | 37=19 | 65 | 60 | 125 | 28 | 22 | 50 | 40 |
| 2 | सूर्योदय उ.मा.वि. | 40 | 20 | 60 | 10 | 5 | 15 | 25 | 40 | 25 | 65 | 12 | 8 | 20 | 30=79 | 39 | 28 | 67 | 12 | 10 | 22 | 32=86 |
| 3 | जनता उ.मा.वि. | 58 | 58 | 116 | 21 | 13 | 34 | 29=31 | 46 | 47 | 93 | 26 | 19 | 45 | 48=39 | 55 | 50 | 105 | 30 | 22 | 52 | 49=52 |
| 4 | सरस्वती उ.मा.वि. | 35 | 30 | 65 | 11 | 6 | 17 | 26=15 | 35 | 34 | 69 | 13 | 8 | 21 | 30=43 | 40 | 35 | 75 | 14 | 11 | 25 | 33=33 |
| 5 | जनकल्याण उ.मा.वि. | 212 | 256 | 468 | 63 | 63 | 126 | 26=92 | 231 | 232 | 463 | 62 | 52 | 114 | 24=62 | 235 | 238 | 473 | 70 | 60 | 130 | 27=48 |
| जम्मा | | 426 | 420 | 846 | 136 | 104 | 240 | 28=36 | 428 | 383 | 811 | 138 | 107 | 245 | 30=20 | 434 | 411 | 845 | 154 | 125 | 279 | 33=01 |